लेखापरीक्षण प्रतिवेदन

रुवी भ्याली गाउँपालिका, धादिङ

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

लेखापरीक्षण प्रतिवेदन

रुवी भ्याली गाउँपालिका, धादिङ

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (MISSION)

स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide Independent and Quality Audit Service)

मूल्य मान्यता (Core Values)

स्वतन्त्रता	*(Independence)*
निष्ठा	*(Integrity)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*
व्यावसायिकता	*(Professionalism)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फस्यौंटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फस्यौंट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)

२०८३ वैशाख **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय,बागमती प्रदेश
काठमाडौं

प.सं.:2082/83 मिति : २०८३-१-३०
च.न :APPROVED/FAR/2081-82/LOC/432

श्रीमान् अध्यक्षज्यू,
रुवी भ्याली गाउँपालिका,
गाउँकार्यपालिकाको कार्यालय,धादिङ ।

विषय - लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा (२) बमोजिम त्यस पालिकाको आर्थिक वर्ष२०८१।८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

(घनश्याम काफ्ले)
नायब महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय,बागमती प्रदेश
काठमाडौं

प.सं.:2082/83 मिति : २०८३-१-३०
च.न :APPROVED/FAR/2081-82/LOC/432

श्रीमान् अध्यक्षज्यू,

रुवी भ्याली गाउँपालिका,

गाउँकार्यपालिकाको कार्यालय, धादिङ।

विषयः लेखापरीक्षण प्रतिवेदन।

१. कैफियत सहितको राय:

हामीले त्यस गाउँपालिकाको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौँ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक,पालिकाबाटपेस भएको २०८२ आषाढ मसान्तसम्मको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत एवं वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरूसमावेश भएको स्थानीय तहको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ।

२. कैफियत सहितको राय व्यक्त गर्ने आधार:

२.१. महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्रलेखामानको ढाँचामा वित्तीय विवरण तयार गर्नुपर्नेमा यस पालिकाले तयार गरेको वित्तीय विवरणमा अन्तरसरकारी अख्तियारीको कारोबार समावेश गरेको छैन।

२.२. गाउँपालिकाको आय र व्यय तर्फ रु. ८६ करोड ९७ लाख १६ हजारको लेखापरीक्षणबाट रु.६० लाख ४१ हजार बेरुजु देखिएकोमा प्रतिक्रियाबाट रु. ४६ लाख ८४ हजार सम्परीक्षण भई असुल गर्नुपर्ने रु. ४ लाख ३४ हजार, नियमित गर्नुपर्ने रु. ८ लाख २३ हजार र पेश्की बाँकी रु. १ लाख गरी जम्मा रु.१३ लाख ५७ हजार बाँकी रहेको छ। गत वर्षसम्म कायम बेरुजु रु. २० करोड १३ लाख ६६ हजार मध्ये रु१ करोड १२ लाख ७३ हजार सम्परीक्षण भई यसवर्षको थप रु.१३ लाख ५७ हजार समेत हालसम्म अद्यावधिक बेरुजु रु. १९ करोड १४ लाख ५० हजार रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

२.३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले गाउँपालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन। हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौँ। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौँ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

३. अन्य बेहोरा:

लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन,सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

४. वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी:

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ। गाउँकार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

५. वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी:

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आकडा मानिएको छ।

(घनश्याम काफ्ले)
नायब महालेखापरीक्षक

बेरुजु वर्गीकरण

चालु वर्षको बेरुजु

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट सम्परीक्षण			प्रतिक्रियाबाट थप बेरुजु रकम	बाँकी बेरुजु			बेरुजु						
दफा संख्या		रकम	दफा संख्या		रकम		दफा संख्या		रकम	असुल गर्नु पर्ने	नियमित गर्नुपर्ने					पेस्की
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			सैद्धान्तिक	लगती		असुल गर्नु पर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	पेस्की
४४	३६	६०,४०,९६९	०	३३	४६,८४,१०७	०	४४	३	१३,५६,८६२	४,३४,०००	८,२२,८६२	०	०	०	८,२२,८६२	१,००,०००

अद्यावधिक बेरुजू स्थिति

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्षको सम्परीक्षण	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
धादिङ	२०१३६५५९५	०	१,१२,७३,१८३	१९००९२४१२	०	१३,५६,८६२	१९१४४९२७४

बेरुजु सम्परीक्षणको विवरण

क्र.सं	आर्थिक वर्ष	बेरुजुको दफा	बेरुजुको व्यहोरा	सम्परीक्षण भएको रकम
१	२०८१/८२	३.४	संगठन तथा कर्मचारी व्यवस्थापन	१७,८४,५७०
२	२०८१/८२	१०	पेश्की बाँकी	१३,४६,०००
३	२०८१/८२	१४	डण्डीको वेस्टेज	७८,१३५
४	२०८१/८२	१५.२।१५.३	गाउँपालिका भवन	१४,७५,४०२
५	२०८०/८१	२७	ससर्त चालुतर्फ	३,१८,४८५
६	२०८०/८१	३६.२	सम्झौता अनुसार कार्य सम्पन्न	१,१८,६३३

७	२०८०/८१	१६.३	संगठन तथा कर्मचारी व्यवस्थापन	३,०८,०७४
८	२०८०/८१	३२.१।३२.२	विद्यालयमा विज्ञान प्रयोगशाला निर्माण	३३,८१,०१५
९	२०८०/८१	२.३	वित्तीय विवरण परीक्षण	१,७५,२०४
१०	२०८०/८१	३९	वितरण भरपाई नरहेकोः	१,८५,७३२
११	२०८०/८१	४७	मापदण्ड विपरीत खर्च	२,४८,९३९
१२	२०८०/८१	२२	बील भरपाई नभएको	५०,०००
१३	२०८०/८१	२५	बढी भत्ता भुक्तानी	१५,३००
१४	२०८०/८१	२८	धरौटी फिर्ता	५७,३२७
१५	२०८०/८१	४८	जिन्सी दाखिला	३,००,०००
१६	२०८०/८१	२३	गत वर्षको भुक्तानी	२,४८,२३३
१७	२०८०/८१	४०	आन्तरिक लेखापरीक्षणका व्यहोरा	२८,१२०
१८	२०८०/८१	५.४।५.५।5.६	आन्तरिक आय व्यवस्थापन	६,०७,२३५
१९	२०७९/८०	६०	स्वास्थ्य चौकि अनुदान	४,५०,०००
२०	२०७९/८०	२७	अग्रिम कर	६६,४२१
२१	२०७७/७८	१९.१	शिक्षा	५,४०,२०७
२२	२०७७/७८	३१	योजना/भ्रमणः-	१०,७५,४५०
२३	२०७७/७८	२४	फर्निचर खरिद	६,६८,१६७
२४	२०७७/७८	१७.४	पेश्की	५३,८००
२५	२०७७/७८	५३	गत बर्षको भुक्तानीः-	१०,५१,२००
२६	२०७७/७८	५५.१	आ.ले.प. बाट देखिएको व्यहोराः-	१३,५३,७६१
			जम्मा	१,५९,८५,४१०

रुवी भ्याली गाउँपालिका, धादिङ

(८०३३०५१०३००)

रुवी भ्याली गाउँपालिका , धादिङ

परिचय

१ **परिचय**

(क) कार्यालय परिचय :- स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्दै स्थानीय सरकारको सञ्चालन गर्ने उद्देश्यले यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह—अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा ६ वडा, ४०१.८५ वर्ग किलोमिटर क्षेत्रफल तथा १०७८१ जनसंख्या रहेको छ ।

(ख) लेखापरीक्षणको उद्देश्य :- लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :- यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८२।८।२० देखि २०८२।८।२४ सम्म रहेको छ ।

(घ) लेखापरीक्षण विधि :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

(ङ) लेखापरीक्षणको सीमा :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

(च) आर्थिक कारोबारको स्थिति :- कार्यालयको आय – व्ययतर्फ रु. ८६ करोड ९७ लाख १६ हजार को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

(छ) लेखापरीक्षणको क्रममा असुली :- लेखापरीक्षणको क्रममा निम्नानुसारको रु. ३३५९०८ असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

सि.नं	बिवरण	रकम रु.
१	नविन कुमार गोले स्थानिय भत्ता भुक्तानी	९३७२
२	विसाल वस्याल स्थानिय भत्ता वढी भुक्तानी	८९०२
३	मिलन तिमिल्सेना स्थानिय भत्ता वढी भुक्तानी	५७८९
४	नरेस सिह धामी स्थानिय भत्ता वढी भुक्तानी	७७२०
५	कञ्चन राई स्थानिय भत्ता वढी भुक्तानी	१९३०
६	टोप ब विष्ट स्थानिय भत्ता वढी भुक्तानी	४५०२
७	सामाजिक सुरक्षा पार्कीङ खातामा रहेको	१६२२७२
८	राजश्व ढीला दाखिला भएको जरिवाना	१०८०८७
९	विनोद केसी स्थानिय भत्ता वढी भुक्तानी भएको	९६४७
१०	नारायण थापा स्थानिय भत्ता वढी भुक्तानी	६७५३
११	राज प्रोखेल स्थानिय भत्ता वढी भुक्तानी	६७५३
१२	विकास महर्जन स्थानिय भत्ता वढी भुक्तानी	४१८१

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय विवरण परीक्षण**

२.१ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ४ बमोजिम स्थानीय तहले आफ्नो अधिकार क्षेत्र भित्रका कार्यालयलाई नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त भएको अनुदान, राजस्व बाँडफाँट अन्तर्गत प्राप्त रकम, आन्तरिक आय, ऋण तथा अनुदान र व्ययको विवरण देखिने गरी महालेखापरीक्षकले तोकेको ढाँचामा एकीकृत विवरण तयार गरी सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय र कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ । पालिकाले तयार गरेको आर्थिक वर्ष २०८१।८२ को आर्थिक कारोबारको एकीकृत वित्तीय विवरण र स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (SUTRA) बाट तयार भएको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं. २७०) यस दफासँग सम्बन्धित अनुसूचीमा संलग्न गरिएको छ ।

प्राप्ति			भुक्तानी		
विवरण	रकम	रकम	विवरण	रकम	रकम
सुरु मौज्दात		६०३०९३७१.१२	**चालु खर्च**		२०९०८७०७७.
१.संचित कोष	४,७७,०२,०९५.३		१. पालिका तर्फ	११,२८,५९,०४६.००	
२.धरौटी	५२,६८,९१९.००		२. संघीय सशर्त	८,३४,८२,४५६.००	
३. विविध कोष मर्मत संभार कोष	७३,३८,३५६.८२		३. संघीय विशेष	०.००	
४. स्थानीय तह विपद व्यवस्थापन कोष	०		४. प्रदेश सशर्त	१,२७,४५,५७५.००	
यस वर्षको आय			५. प्रदेश विशेष	०.००	
१.आन्तरिक आय	८८,१८,१३२.८२	८८१८१३२.८२	**पुँजीगत खर्च**		१०७५९१८३६.
२. वित्तीय हस्तान्तरण (संघ)		२४९७९२१७१.६८	**१. पालिका तर्फ**	६,८७,६३,८१२.००	
क) समानीकरण अनुदान	६,९०,०३,५२०.००		**२. संघीय सशर्त**	८७,५०,४७९.००	
ख) राजस्व बाँडफाँट	७,०८,५२,१५१.६८		**३. संघीय विशेष**	०.००	
ग) सशर्त अनुदान	१०,९९,३६,५००.००		४. संघीय समपुरक	०.००	
घ) समपुरक अनुदान	०.००		५. प्रदेश सशर्त	१,०८,०८,५६८.००	
ङ) विशेष अनुदान	०.००		६. प्रदेश विशेष	२९,३२,५५०.००	
च) रोयल्टी			७. प्रदेश समपुरक	१,६३,३६,४२७.००	
छ) अन्य			**अन्तर सरकारी अख्तियारी (संघ)**		७८२६१४२७
३. वित्तीय हस्तान्तरण (प्रदेश)		८०१००६०४.९९	क) सामाजिक सुरक्षा	७,७१,०८,०३८.००	
क) समानीकरण अनुदान	६७,३७,०००.००		ख) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम	४,६०,०००.००	
ख) राजस्व बाँडफाँट	२,११,३५,६०४.९९		**ग) स्थानीय तह प्रशासकीय भवन पुर्वाधार विकास कार्यक्रम**	६,९३,३८९.००	
ग) सशर्त अनुदान	२,६७,२८,०००.००		**अन्तर सरकारी अख्तियारी (प्रदेश)**		
घ) समपुरक अनुदान	२,००,००,०००.००		**ऋण फिर्ता(साँवा)**		
ङ) विशेष अनुदान	५५,००,०००.००		ऋणको ब्याज भुक्तानी		
च) रोयल्टी			धरौटी फिर्ता	३,०४,१७५.००	३०४१७५
छ) अन्य			विविध कोष मर्मत संभार कोषबाट भएको खर्च	१,२१,३२,३३३.६४	१२१३२३३३.६४
४. अन्तर सरकारी अख्तियारी (संघ)		७८२६१४२७	स्थानीय तह विपद व्यवस्थापन कोषबाट भएको खर्च	४,५६,२६२.००	४५६२६२
क) सामाजिक सुरक्षा	७,७१,०८,०३८.००		गैरसरकारी संस्थाबाट सञ्चालित योजना		

ख) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम	४,६०,०००.००		अन्य सहयोगमा सञ्चालित योजना		
ग) स्थानीय तह प्रशासकीय भवन पुर्वाधार विकास कार्यक्रम	६,९३,३८९.००		अन्य खर्च भएमा		
५. अन्तर सरकारी अख्तियारी (प्रदेश)			अनुदान फिर्ता		
६. ऋण/ वित्तीय व्यवस्था			१. संघ तर्फ		
७. धरौटी आय	५७,९०,११३.००	५७९०११३	क) सशर्त अनुदान	१,७७,०३,५६५.००	१७७०३५६५
८. विविध कोष मर्मत संभार कोष आय	१,०९,७९,३१३.२९	१०९७९३१३.२९	ख) विशेष अनुदान	०.००	
९. स्थानीय तह विपद व्यवस्थापन कोषको आय	१५,००,०००.००	१५०००००	ग) समपुरक अनुदान	०.००	
१०. गैरसरकारी संस्थाबाट सञ्चालित योजना			**२. प्रदेश तर्फ**		९४०४८८०
११. अन्य सहयोगमा प्राप्त सञ्चालित योजना			क) सशर्त अनुदान	३१,७३,८५७.००	
१२. अन्यआय भएमा			ख) विशेष अनुदान	२५,६७,४५०.००	
			ग) समपुरक अनुदान	३६,६३,५७३.००	
			अन्तिम मौज्दात		६१०७७३१६.२५
			१. संचित कोषको मौज्दात	४,३०,९३,३८४.७८	
			२. धरौटी	१,०७,५४,८५७.००	
			३. विविध कोष मर्मत संभार कोष कोष	६१,८५,३३६.४७	
			४. स्थानीय तह विपद व्यवस्थापन कोष खाता	१०,४३,७३८.००	
जम्मा	४९,५५,५१,१३३.९	४९५५५११३३.९	**जम्मा**	४९,५५,५१,१३३.९	४९५५५११३३.९

(विस्तृत विवरण बेरूजु दफा २.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

२.२ फरक हिसाब – यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय) (म.ले.प.फा.नं.२७०) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार यस वर्षको शुरु मौज्दातमा ४६७७३७.९९प्राप्ति रु. १२३६३९२९९ यस वर्षको भुक्तानी रु ११७७९४९०५ फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७० ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

विवरण	गत आ.व.को नगद तथाबैंक मौज्दात	यसवर्षको कुलजम्मा प्राप्ति	यसवर्षको कुलजम्मा भुक्तानी	धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषकोमौज्दातको थप/ घट	आ.व. अन्तको बाँकीनगद तथा बैंक मौज्दात
सुत्र अनुसारको प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय) (म.ले.प.फा.नं.२७०)	६,०७,७७,१०९.११	३१,१६,०२,४६४.४९	३१,६६,७८,९१३.००	५३,७६,६५५.६५	६,१०,७७,३१६.२५
एकीकृत आर्थिक विवरणअनुसार	६०३०९३७१.१२	४३५२४१७६३	४३४४७३८१८	०	६१०७७३१६.२५
फरक	४६७७३७.९९	१२३६३९२९९	११७७९४९०५		०

२.३ बैङ्क हिसाब विवरण - स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले बैङ्क हिसाब मिलान विवरण तयार नगरेकोले वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात रु १२३९७६०।४२ फरक देखिएकोले म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैङ्कबीच हिसाब मिलान गर्नुपर्दछ ।

खाता	स्रेस्ताअनुसार मौज्दात रु.	बैङ्क स्टेटमेन्टअनुसार वर्षान्तको मौज्दात रु.	फरक रु.
१. संचित कोषको मौज्दात	४,३०,९३,३८४.७८	०	
२. धरौटी	१,०७,५४,८५७.००	१,०७,५४,८५७.००	
३. विविध कोष मर्मत संभार कोष कोष	६१,८५,३३६.४७	६१,८५,३३६.४७	
४. स्थानीय तह विपद व्यवस्थापन कोष खाता	१०,४३,७३८.००	१०,४३,७३८.००	
स्थानिय तह राजश्वखाता		८७५१७११.८२	
चालु खर्च खाता		१९४२३६६८.९७	
पुजिगत खर्च खाता		१६१५७७६४।२१	
जम्मा	६१०७७३१६।२५	६२३१७०७६।६७	१२३९७६०।४२

२.४ खर्च बिश्लेषण-पालिकाले यसवर्ष कुल आन्तरिक आयबाट रु ८८,१८,१३२.८२ राजस्व बाँडफाँड र अनुदानबाट रु ३२९९८९२७७७ समेत रु ३३८७१०९०९ आम्दानी भएकोमा चालु तर्फ रु २०९०८७०७७.र पूँजिगत त र्फ रु १०७५९१८३६. समेत रु ३१,६६,७८,९१३.०० खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा २.७८ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रु ४९,७८,५००.०० खर्च भएको छ जुन आन्तरिक आयको ४६.४५ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट चालुखर्च प्रतिशत ६१.७३. र ३१.७६ प्रतिशत पूँजिगत निर्माणमा खर्च .भएको देखिन्छ । यसबाट

पालिकाले विकास निर्माणमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ ।आन्तरिक आयको श्रोत खोजि प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

३ संगठन तथा कर्मचारी व्यवस्थापन

३.१ प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन - स्थानीय-सेवा-(गठन-तथा-सञ्चालन)-ऐन,-२०७९को दफा ७ वमोजिम स्थानिय तहको संगठन संरचना र दरवन्दी स्विकृत भएपछी सम्वन्धित स्थानिय तहले संगठन संरचना स्विकृत गर्ने वा पद सृजना गर्ने निर्णय भएको एक महिना भित्र र ऐन प्रारम्भ हुदाका वखत स्थानिय तहमा रहेका स्थायी कर्मचारीको दरवन्दीको विवरण यो ऐन प्रारम्भ भएको मितिले ३ महिना भित्र प्रदेश कितावखानामा पद दर्ता गर्नुपर्ने उल्लेख छ पालिकाले ऐनको ब्यबस्था वमोजिम नयाँ संगठन संरचना र दरवन्दी स्विकृत गरी निर्णय भएको एक महिना भित्र प्रदेश कितावखानामा पद दर्ता गरेको नदेखिए को साथै ऐन प्रारम्भ हुदाका वखत स्थानिय तहमा रहेका स्थायी कर्मचारीको दरवन्दीको विवरण यो ऐन प्रारम्भ भएको मितिले ३ महिना भित्र प्रदेश कितावखानामा पद दर्ता गरेको पनि देखिएन । पालिकाले उपलब्ध गराएको विबरण अनुसार ऐन प्रारम्भ हुदाका वखत स्थानिय तहमा रहेका स्थायी कर्मचारीको दरवन्दीको विवरण निम्नअनुसार छन ।

सिनं	पद	स्वीकृतदरवन्दि	पदपुर्ति	रिक्त	रिक्तमध्ये करार पदपुर्ति
१	प्रमुखप्रशासकीय अधिकृत	१	१	०	०
३	अधिकृतसातौ	६	२	३	१
	अधिकृत छैठौ	४	३	०	१
४	सहायकपाचौं	४१	२०	२१	८
५	सहायक चौथो	१७	०	१७	१६
६	हसचा	२	०	२	२
७	का.स.	१८	०	१८	१७
	कुल जम्मा	८८	२५		४५

ऐनको ब्यबस्था वमोजिम ऐन प्रारम्भ हुदाका वखत स्थानिय तहमा रहेका स्थायी कर्मचारीको दरवन्दीको विवरण यो ऐन प्रारम्भ भएको मितिले ३ महिना भित्र र नयाँ संगठन संरचना र दरवन्दी स्विकृत गरी निर्णय भएको एक महिना भित्र प्रदेश कितावखानामा पद दर्ता गरिनुपर्दछ ।

३.२ करार कर्मचारी - स्थानीय-सेवा-(गठन-तथा-सञ्चालन)-ऐन,-२०७९ को दफा १६ मा स्थानिय सेवाका कर्मचारीले गर्नुपर्ने कामको लागी कुनैपनि ब्यक्तिलाइ ज्यालादारी तथा करारमा नियुक्ति गर्न नपाइने उल्लेख छ तर सोहि ऐनको दफा ९ को उपदफा १४ मा सहायक चौथो र पाँचौ तहको पदवाट सम्पादन गरिने कार्य मध्येको कम्प्युटर अपरेटर, सवारीचालक, कार्यालय सहयोगी र चौकिदारको पदवाट सम्पादन हुने कामको लागी दरवन्दि भित्र रहि ब्यक्तिसंग करार गरी सेवा करारमा र प्लम्बर, इलेक्ट्रिसियन र यस्तै काम गर्ने अन्य पदका दरवन्दि भित्र नपर्ने पदमा संस्था गरार गरी सेवा करारवाट सम्पादन गराउन सकिने उल्लेख छ ।यो वर्ष पालिकाले स्वीकृत स्थायी दरवन्दीमा देहाय वमोजिम संख्यामा विगतदेखी नै कार्यरत कर्मचारीको करारको म्याद थप गर्दै कार्य लगाइ यस वर्ष रू. १ करोड १६ लाख १९ हजार पारिश्रमिक भुक्तानी गरेको छ ।ऐनको ब्यबस्था विपरित स्थानिय सेवाको पदमा करारमा कार्यरत देखिएकोले यस्तो खर्च नियन्त्रण गरिनुपर्दछ ।

पद	स्विकृत दरवन्दिमा करारमा कार्यरत कर्मचारी संख्या	मासिक तलव	वार्षिक तलव भत्ता रु.
अधिकृत सातौ	१	४५८५१	५९६०६३
सहायक छैठौ	१	४३६८९	५६७९५७
सहायक पाचौ	८	३४७३०	३६११९२०
सहायक चौथो	१६	३२९०२	६८४३६१६
जम्मा			११६१९५५५

३.३ तलवी प्रतिवेदनः- बागमती प्रदेश सरकारको स्थानीय सेवा गठन तथा सञ्चालन ऐन, २०७९ को दफा ६९(५) अनुसार प्रदेश किताबखाना वा प्रदेश लेखा नियन्त्रक कार्यालय वा इकाइ कार्यालबाट तलबी प्रतिवेदन पारित नगराई तलब भुक्तानी गर्न नहुने व्यवस्था छ । पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फ रू १,४२,११,८१४ पालिका तर्फ रू १,२३,०२,२२४।०० समेत रू २,६५,१४,०३८ खर्च लेखेको छ। कानुन वमोजिम तलबी प्रतिवेदन पारित गराएर मात्र तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

३.४ स्थानिय भत्ता

✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२४** को निर्णयले रू **६,४४०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२४** को निर्णयले रू **३८,६४०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२४** को निर्णयले रू **१९,३२०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२४** को निर्णयले रू **१३,५३१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२४** को निर्णयले रू **३८,६४०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२४** को निर्णयले रू **४५,४९९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२४** को निर्णयले रू **३८,६४०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-२** को निर्णयले रू **३८,६४०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-२** को निर्णयले रू **१२१,४४०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-२** को निर्णयले रू **७०,५२७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-२** को निर्णयले रू **७७,२८०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-२** को निर्णयले रू **६९,५६०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-२** को निर्णयले रू **७२,७७८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-२** को निर्णयले रू **७७,२८०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-२** को निर्णयले रू **७५,३५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-२** को निर्णयले रू **११२,५३७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-२** को निर्णयले रू **७७,२८०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-२** को निर्णयले रू **७७,२८०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-२** को निर्णयले रू **७७,२८०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-२** को निर्णयले रू **७७,२८०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-२** को निर्णयले रू **७७,२८०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-२** को निर्णयले रू **७०,५२७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-२** को निर्णयले रू **७७,२८०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-२** को निर्णयले रू **७७,२८०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-२** को निर्णयले रू **७७,२८०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-२** को निर्णयले रू **११२,०६८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-२** को निर्णयले रू **६७,६३३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

४ कानून निर्माण एवं कार्यान्वयन

४.१ कानून र सञ्चालन स्थिति – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । यस पालिकाले हालसम्म १३वटा ऐन, ५ वटा नियमावली, ३१ कार्यविधि २ निर्देशिका गरी र ४ वटा नर्मस गरी ५५ वटा कानुन निर्माण गरी कार्यान्वयनमा ल्याएको छ । आवश्यकता अनुसारका कानून बनाउन नसक्दा स्थानीय तहको कार्यसम्पादन, सेवा प्रवाहमा वित्तिय व्यबस्थापनमा समेत प्रभावकारिता आउनसकेको छैन । कार्यसम्पादन र नतिजा प्राप्तिका लागि आवश्यक पर्ने, आफ्नो अधिकार क्षेत्रभित्रको आवश्यक कानून बनाई पालिकाको कार्यप्रकृयालाई व्यवस्थित गरिनुपर्दछ ।

४.२ न्यायिक समिति – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गत बर्षको वाँकी १९ यस वर्ष ५ उजुरी परेकोमा २२ वटा फस्यौंट भइ २ वटा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी रहेको छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फस्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

५ आन्तरिक नियन्त्रण प्रणाली

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्ने व्यवस्था छ। तर पालिकाले त्यस्तो प्रणाली तयार गरी लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका केही व्यहोराहरु देहाय बमोजिम रहेका छन:

- पालिकाले उद्देश्य प्राप्तिमा आइपर्ने सक्ने सम्भावित जोखिमहरु पहिचान गरि सोको निराकरणको प्रयास गरेको अभिलेख राखेको छैन ।
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ३३ (४) मा प्रत्येक ३ महिनामा आन्तरिक लेखापरीक्षण गरि सोको प्रतिवेदन दिनुपर्नेमा आर्थिक वर्ष समाप्त भए पश्चात मात्र लेखापरीक्षण र प्रतिवेदन दिने गरेको पाइयो।
- ठेक्का वा उपभोक्ताबाट हुने कामको निर्माण सुरु गरेको मिति, लागत अनुमान, सम्पन्न हुने मिति लगायत विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता तयार गरेको पाइएन।
- आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । विविध खर्चतर्फ पालिकाले रू.३२ लाख ४२ हजार खर्च गरेको छ। खर्चको मापदण्ड निर्धारण गरी यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ।
- पालिकाले कृषि तथा पशुसँग सम्बन्धित सामग्री, लघुउद्यम विकास सम्बन्धी सामग्री तथा अन्य अनुदान वितरण गर्दा लाभग्राहीको पहिचान खुल्ने गरी नागरिकता नम्बर तथा सम्पर्क नम्बर समावेश नगरी नाममात्र उल्लेख गरी भरपाई गराई वितरण गर्ने गरेको देखियो ।
- पालिका भित्रका विद्यालय अनुगमन मापदण्ड तयार गरेको छैन भने अनुगमन समेत गरेको देखिने अभिलेख राखेको छैन।
- स्थानीय तहले एक आर्थिक वर्ष भित्र भएको कार्यको सुशासन ऐन वमोजिम वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।
- अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालिन खर्च संरचना तयार गर्नुपर्नेमा स्थानीय तहले सो बमोजिमको मध्यमकालिन खर्चको संरचना तयार गरेको पाइएन ।
- स्थानीय तहले उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको छैन

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई सुद्धृड वनाउनु पर्ने देखिन्छ ।

६ सहकारी नियमन

सहकारी नियमावली, २०७६ को नियम ५(१)कार्यक्षेत्र एउटै स्थानीय तहमा मात्र हुने सहकारी संस्थाले सो स्थानीय तहमा दर्ता गराउनुपर्ने , १०(१) ले प्रत्येक सहकारी संस्थाले प्रत्येक आर्थिक वर्षको अन्त्य भएको ३ महिनाभित्र सम्बन्धित दर्ता गर्ने निकायमा नविकरणका लागि वार्षिक साधारणसभाले स्वीकृत आर्थिक विवरण र प्रतिवेदन लेखा परीक्षण (Audit) रिपोर्ट कार्यसमिति/सदस्य विवरण संस्थाको अद्यावधिक सदस्य संख्या राखी निवेदन दिनुपर्ने ब्यबस्था छ।त्यस्तै सोहि नियमावलिको नियम ५९(१)दर्ता गर्ने निकायले आफ्नो क्षेत्राधिकारभित्र रहेका सहकारी संस्थाहरूको कार्य सञ्चालन, लेखा–परीक्षण, वित्तीय अवस्था र कानूनी पालनको अनुगमन गर्नुपर्ने उल्लेख छ। लेखापरिक्षणमा सहकारी सम्वन्धि विवरण माग गर्दा पेश नभएकोले सहकारी ब्यबस्थापनको अवस्था एकिन गर्न सकिएन ।

७ बजेट तथा कार्यक्रम

७.१ बजेट सीमा निर्धारण र तर्जुमा समिति - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु वैशाख महिनाको १० गतेभित्र सम्पन्न गरिसक्नुपर्ने र प्रमुख प्रशासकिय अधिकृतले आगामी आर्थिक वर्षको बजेट सीमा वैशाख १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले वजेट सिमा निर्धारण समितिको समितिको मिति २०८१।३।३ वैठकवाट सिमा निर्धारण भएकोमा प्रमुख प्रशासकीय अधिकृतबाट विषयगत शाखा तथा वडालाई सोको जानकारी दिएको भएपनि ऐनमा व्यवस्था भएअनुसार वमोजिम तोकीएको समय वजेटको सिमा निर्धारण नभएकोले तोकिएको समायमै सिमा निर्धारण गरि यथार्थ वजेट निर्माणमा पालिकाको सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

७.२ बजेट पेश, पारित र अख्तियारी - स्थानीयतह सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका अध्यक्षले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपाध्यक्ष ले मिति २०८१।३।१० मा रु ३६करोड ६४ लाख ९९ हजारको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८१।३।१० पारित गरी मिति २०८१।३।२५ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । अख्तियारी वमोजिम तोकिएको समयमा कार्य कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ ।

७.३ योजना तथा वजेट कार्यान्वयन – पालिकाको योजना तथा बजेट सम्वन्धमा देखिएका प्रमुख व्यहोराहरु निम्नानुसार रहेका छन:

- त्रैमासिक खर्च अवस्था- आर्थिक वर्षको अन्त्यमा अत्याधिक पुँजीगत खर्च गर्ने प्रवृत्ति यो वर्ष पनि कायमै रहेको देखियो । कुल पुँजीगत खर्च रु १०करोड ७५ लाख ९२ हजार भएकोमा प्रथम त्रैमासिकमा १५ लाख ८३ हजार, दोश्रो त्रैमासिकमा १ लाख २८ हजार, तेश्रो चौमासिकमा १७ लाख ९ हजार, चौथो त्रैमासिकमा १० करोड ४१ लाख ७२हजार र आषाढ महिनामा ८करोड ५२लाख २६ हजार देखिन्छ। चौथो त्रैमासिक खर्च ९७ प्रतिशत र आषाढ महिनाको खर्च ७९.२१ प्रतिशत रहेकोले वर्षान्तमा खर्च दर उच्च रहेको छ ।त्रैमासिक विनियोजन वमोजिम वजेट खर्च गरिनुपर्दछ ।

क्र स	वजेट उपशिर्षध	वजेट खर्च	प्रथम त्रैमासिक	दोस्रो त्रैमासिक	तस्रो त्रैमासिक	चौथो त्रैमासिक	आषाढ महिनाको खर्च
१	पुजिंगत खर्च	१६४०९१०००	१५८२७२१	१२७८२५	१७०९१८४	१०४१७२१०६	८५२२५६२

- रकमान्तर-स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ मा कार्यपालिकाले स्वीकृत वार्षिक वजेटको अधिनमा रहि कुनै शिर्षकवाट पुजिगत शिर्षकमा पच्चिस प्रतिशत नवढाइ रकमान्तर गर्न सक्ने उल्लेख छ ।त्यस्तै, पालिकाको विनियोजन ऐन २०८१ ले चालु र पुजिगत खर्च शिर्षकमा ३६करोड ६४ लाख ९९ हजार वजेट स्विकृत गरेको मध्ये आन्तरीक श्रोत र निशर्त वित्तिय हस्तान्तरणमा रु २० करोड ३४ लाख ५० हजार विनियोजन गरेको छ ।तर पालिकाले आन्तरीक श्रोत र निशर्त वित्तिय हस्तान्तरणमा २६ वटा कार्यक्रम/योजना लाइ घटाइ मौज्दातवाट समेत १०९ वटा नयाँ कार्यक्रम/ थप गरी रु.५८२५४०००। ०० रकमान्तर गरेको छ । वजेट तथा कार्यक्रम स्वीकृत भैसकेपछि सो कार्यन्वयन हुन नसक्ने आधार वेगर आर्थिक वर्षको विचमा कार्यक्रम/योजना संसोधन गरी रकमान्तर गर्नु उचित देखिएन

७.४ योजनाको प्राथमिकीरण - स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकिकरणका आधारहरू गरिवी निवारण, उत्पानदमुलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दीगो र वातावरणीय संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना प्राथमिकताआधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०८१।८२ मा निम्नानुसार ५ वडाको लागि वडागत र पालिकास्तरका कुल ११३योजनामा वजेट विनियोजन गरेको छ।

क्र. सं.	कार्यक्रमको नाम	योजना सङ्ख्या	रु.२० लाख माथिका योजना सङ्ख्या	रु. ५ लाखदेखि २० लाख सम्मका योजना सङ्ख्या	रु.५लाखभन्दा कमका योजना सङ्ख्या
१.	पालिकास्तरीय	१९	५	८	६
२	वडास्तरीय	९४	०	३८	५६

उपर्युक्त विवरण अनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृति खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ ।तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी सोको प्रभावकारी कार्यान्वियन गर्नुपर्दछ ।

७.५ बार्षिक खरिद योजना -सार्वजनिक खरिद नियमावली २०६४ को नियम मावार्षिक १० लाख रुपैयाँ भन्दा बढी रकमको खरिद गर्नुपर्ने भएमा आगामी आर्थिक वर्षको अनुमानित वार्षिक कार्यक्रम तथा बजेट तयार गर्दा सो आर्थिक वर्षमा गर्ने खर्चको वार्षिक खरिद योजना तयार गर्नुपर्ने र बार्षिक खरिद योजनामा खरिदको सम्भावित प्याकेज, खरिद कारवाहीको समय तालिका, खरिद बिधि समेत खुलाउनुपर्ने ब्यबस्था छ ।पालिकाले यस वर्ष देहाय खर्च शिर्षकमा वार्षिक १० लाख रुपैयाँ भन्दा बढी रकमको खरिद गर्नुपर्ने गरी रु २३९३७०००. वजेट विनियोजन गरी रु २०९१३८७६.खर्च गरेकोमा वार्षिक खरिद योजना बनाएको पाइएन । अत: खरिद सम्वन्धी नियमको उल्लेखित ब्यबस्था अनुसार खरिद योजना तयार गरी खरिद कार्य गर्नुपर्दछ ।

खर्च कोड	खर्च शिर्षक	वजेट	खर्च
२२३११	मसलन्द तथा कार्यालय सामाग्री	८२,३८,०००.००	७४,५९,४२८.००
२२३१५	पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च	१७,००,०००.००	१६,०४,५९७.००
२७२१३	औषधीखरिद खर्च	४७,४९,०००.००	४५,३५,२००.००
२८१४२	घरभाडा	२३,५०,०००.००	२१,२५,७६३.००
३११२३	फर्निचर तथा फिक्चर्स	२२,००,०००.००	१६,०९,६४९.००
२८१४३	सवारी साधन तथा मेशिनर औजार भाडा तथा अन्य भाडा	१३०००००	११४५२५५
३११७२	पूँजीगत अनुसन्धान तथा परामर्श	३४,००,०००.००	२४,३३,९८४.००
		२३९३७०००.	२०९१३८७६.

७.६ दायित्व सृजना र भुक्तानी - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९(घ) मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ। त्यस्तै आर्थिक-कार्यविधि-तथा-वित्तीय-उत्तरदायित्व-नियमावली-२०७७ को नियम ३९ को उपनियम १३ वमोजिम चालू वर्षको बजेटले नखामेको खर्च व्यहोर्नु पर्ने उचित आधार र पर्याप्त कारण भएमा सम्बन्धित कार्यालयले संलग्न बिल, भरपाई बमोजिमको रकम आगामी वर्षमा भुक्तानी दिने गरी भुक्तानी दिन बाँकीको विवरण तयार गरी प्रमाणित गराई राख्नु पर्ने र नियम ३९ को उपनियम (१५) वमोजिम दायित्व सिर्जना भई भुक्तानी दिन बाँकीको प्रमाणित विवरणमा समावेश भएको खर्च भुक्तानी दिन बाँकी रहेमा चालू आर्थिक वर्षको सम्बन्धित बजेट रकमबाट भुक्तानी दिन पुग्ने देखिएमा स्वीकृत वार्षिक कार्यक्रममा समावेश गरी भुक्तानी दिन सक्ने ब्यबस्था छ। पालिकाले नियमित तथा चालु प्रकृतिका र पुजिगत रु ६९,०४,०००/-गरी गत वर्षको भुक्तानी दिन बाँकी दायित्व रु -देखिएकोमा बजेटमा समावेश गरी भुक्तानी दिएको छ। ऐनको प्रावधान अनुरुप बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमात्र भुक्तानी दिने गरी बजेट निर्माण गर्नुपर्नेमा चालु प्रकृतिको दायित्वमा राखि भुक्तानी दिन मिल्ने देखिएन ।

८ अनुदान प्राप्ती, वितरण, उपयोग

८.१ समानीकरण अनुदान रकमको उपयोग- अन्तरसरकारी वित्त व्यवस्थापन ऐन २०७४ को दफा २८ मा कानुन वमोजिम प्राप्त भएको अनुदानको रकम जुन प्रयोजनको लागी प्राप्त भएको हो सोहि प्रयोजन लागी प्रयोग गर्नुपर्ने उल्लेख छ ।त्यस्तै राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगले जारी गरेको मार्गदर्शनको बुदा च (१२ र १४) मा अन्तरसरकारी वित्त व्यवस्थापन ऐन २०७४ को दफा २१(४)मा प्रदेश तथा स्थानीय तहले आफुले उठाएको राजश्व र उक्त ऐन बमोजिम राजश्व बाँडफाँडवाट प्राप्त हुने रकमबाट प्रशासनिक खर्च पुग्ने गरी राजश्व र व्ययको अनुमान पेश गर्नुपर्ने ब्यबस्था रहेको हुदा प्रदेश तथा स्थानीय सरकारहरुले प्रशासनिक खर्च [पारिश्रमिक / सुविधा, मालसामान तथा सेवाको उपयोग अनुगमन तथा मूल्याङ्कन खर्च भ्रमण खर्च, विशिष्ट व्यक्ति तथा प्रतिनिधिमण्डलको अध्ययन तथा भ्रमण खर्च, विविध खर्च, सभा सञ्चालन खर्च, निवृत्तिभरण तथा अशक्तवृत्ति, उपदान, सेवा निवृत्तको सञ्चित विदा, सेवा निवृत्तको औषधि उपचार, जग्गा / घर / सवारी साधन / मेशिनरी औजारको भाडा, राजस्व, न्यायिक तथा अन्य फिर्ता भैपरी आउने चालु खर्च] जस्ता शीर्षक वा विषयमा वित्तीय समानीकरणको अनुदानबाट प्राप्त रकमको प्रयोग गर्न नहुने र आर्थिक वर्षको अन्त्यमा फ्रिज भएको वित्तीय समानीकरण अनुदानको रकम अर्को आर्थिक वर्षमा खर्च गर्दा जुन प्रयोजनको लागी विनियोजन भएको हो सोहि प्रयोजनमा मात्र खर्च गर्नुपर्ने र यस्तो रकम आन्तरिक आयको रुपमा गणना गरी चालु प्रकृतिका शीर्षकमा खर्च गर्न नपाईने उल्लेख छ ।पालिकाको यस बर्षको श्रोतगत खर्चको फाँटवारीमा मार्गदर्शन विपरित देहाय चालु प्रकृतिका खर्च शीर्षकमा रु ३३८००००० विनियोजन गरी

२३२४८७७६.८.खर्च गरेको देखिएको छ । ऐनमा उल्लेखित ब्यबस्था र आयोगको मार्गदर्शन विपरित पालिकाले वजेट विनियोजन गरी खर्च गरेको देखिएकोले वजेट विनियोजन तथा खर्च गर्दा उक्त कानुनी ब्यबस्थाको पालना गरिनुपर्दछ ।

खर्च संकेत नं.	खर्च शीर्षक	अन्तिम बजेट	वजेट खर्च
नेपाल सरकार - समानिकरण अनुदान : नेपाल सरकार - नगद अनुदान			
२१११	पारिश्रमिक कर्मचारी	१,३२,००,०००.००	५५,९७,३९४.८०
२११२१	पोशाक	१२,००,०००.००	१०,४०,०००.००
२११३४	कर्मचारीको बैठक भत्ता	८,००,०००.००	६,१८,७००.००
२१२१९	अन्य सामाजिक सुरक्षा खर्च	३,००,०००.००	१,२०,०००.००
२२११२	संचार महसुल	९,००,०००.००	४,९३,४१०.००
२२२३१	निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार खर्च	१०,००,०००.००	३०,६५८.००
२२२९१	अन्य सम्पत्तिहरूको संचालन तथा सम्भार खर्च	१,५०,०००.००	१,४९,८७८.००
२२३११	मसलन्द तथा कार्यालय सामाग्री	३१,५०,०००.००	३०,७९,३२०.००
२२७११	विविध खर्च	१०,००,०००.००	९,५९,१२८.००
२५३११	शैक्षिक संस्थाहरूलाई सहायता	४६,५०,०००.००	४२,७९,९२१.००
२५३१२	स्वास्थ संस्थाहरूलाई सहायता	३०,००,०००.००	३०,००,०००.००
२७२१९	अन्य सामाजिक सहायता	२,००,०००.००	१,८२,०६५.००
२८१४२	घरभाडा	७,००,०००.००	४,९०,०७६.००
बागमती प्रदेश - समानिकरण अनुदान : बागमती प्रदेश - नगद अनुदान			
२११३९	अन्य भत्ता	५०,०००.००	५०,०००.००
२२१११	पानी तथा बिजुली	५,००,०००.००	२,५६,१६२.००
२२११३	सार्वजनिक उपयोगिताको सेवा खर्च	५,००,०००.००	५,००,०००.००
२२२९१	अन्य सम्पत्तिहरूको संचालन तथा सम्भार खर्च	४,००,०००.००	४,००,०००.००
२२३१५	पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च	८,००,०००.००	७,४८,५०३.००
२२३१९	अन्य कार्यालय संचालन खर्च	३,००,०००.००	२,९४,७९१.००
२२५२९	विविध कार्यक्रम खर्च	२,००,०००.००	१,७६,६९०.००
२२७२१	सभा सञ्चालन खर्च	८,००,०००.००	७,८२,०८०.००
		३३८०००००.	२३२४८७७६.८

८.२ सवारी साधन कर वाडफाड - अन्तरसरकारी वित्त व्यवस्थापन ऐन २०७४ को दफा २८ मा कानुन वमोजिम प्राप्त भएको अनुदानको रकम जुन प्रयोजनको लागी प्राप्त भएको हो सोहि प्रयोजन लागी प्रयोग गर्नुपर्ने उल्लेख छ ।त्यस्तै राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगले जारी गरेको सवारीसाधन कर मार्गदर्शनको वुदा ५ मा सवारी साधन कर वाडफाडको रकम उपयोग गर्दा सो रकमबाट स्थानिय सडकको मर्मतसम्भार तथा सडक सुरक्षा ब्यबस्थापन, वसपार्क, यात्रु प्रतिक्षालय तथा सार्वजनिक शौचालय निर्माण लगायतका पुर्वाधारमा वजेट विनियोजन गरी खर्च गर्नुपर्ने उल्लेख गरेको छ ।यस बर्ष पालिकामा प्राप्त भएको सवारी साधन कर वाडफाड रकम रु २,११,३५,६०४.९९मध्ये यस बर्षको श्रोतगत खर्चको फाँटवारीमा तोकेको क्षेत्रमा खर्च नगरी कार्यालयको नियमित प्रकृतिका चालु खर्च शिर्षकमा रु १२४०००००..विनियोजन गरि रु ८३८९९५६. खर्च गरेको देखिएको छ । ऐनमा उल्लेखित ब्यबस्था र आयोगको मार्गदर्शन विपरित पालिकाले वजेट विनियोजन गरी खर्च गरेको देखिएकोले वजेट विनियोजन तथा खर्च गर्दा उक्त कानुनी ब्यबस्थाको पालना गरिनुपर्दछ ।

वाँडफाडवाट प्राप्त रकम	खर्च संकेत	खर्च शिर्षक	वजेट रकम	खर्च रकम
२,११,३५,६०४.९९	२११३५	कर्मचारीप्रोत्साहन तथा पुरस्कार	४,००,०००.००	३,९९,९५०.००
	२११४१	पदाधिकारीबैठक भत्ता	१०,००,०००.००	२,०३,०००.००
	२११४९	पदाधिकारीअन्य भत्ता	३,००,०००.००	७३,६००.००
	२२२११	इन्धन (पदाधिकारी)	१५,००,०००.००	७,६६,८६६.००
	२२२१३	सवारीसाधन मर्मत खर्च	२५,००,०००.००	१६,७९,०५६.००
	२२२१४	बिमातथा नवीकरण खर्च	१०,००,०००.००	१,९०,७०५.००
	२२२२१	मेशिनरीतथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च	१५,००,०००.००	९,२०,६८५.००
	२२३११	मसलन्दतथा कार्यालय सामाग्री	२,००,०००.००	२,००,०००.००
	२२३१५	पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च	९,००,०००.००	८,५६,०९४.००
	२२४११	सेवार परामर्श खर्च	१,००,०००.००	१,००,०००.००
	२२४१९	अन्यसेवा शुल्क	३०,००,०००.००	३०,००,०००.००
			१२४०००००	८३८९९५६

९ सम्पत्ति उपयोग र संरक्षण

९.१ सम्पत्तिको उपयोग र संरक्षण – आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ९४ मा कुनै कर्मचारीको जिम्मामा रहेको सरकारी सम्पत्तिको हिनमिना नहुने गरी लगत श्रेस्ता सहित त्यस्को संरक्षण गर्ने कर्तब्य त्यस्तो जिम्मा लिने कर्मचारी र सम्वन्धित कार्यालय प्रमुखको हुने ब्यबस्था छ । सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली PAMS वमोजिम पालिकाको यस आर्थिक वर्षमा घर जग्गा तथा देहाय प्रमुख सम्पत्ति देखिएकोमा सार्वजनिक सम्पत्तिको उपयोग तथा संरक्षणमा अवस्था देखिएको व्यहोरा निम्न छ ।

सम्पत्ति	संख्या	खरिद/ प्राप्ति मूल्य	कैफियत
घर जग्गा क्षेत्रफल र संख्या सहित			अभिलेख नभएको
सवारी साधन दुइ पाङग्रे	२	८७५४९९९	
सवारी साधन चार पाङग्रे	१४	३९२९४२८	
एम्वुलेन्स	१	२००६३१७	
जेसिवि	१	मुल्य नखुलेको	अनुदान चिन

- इन्धनको अभिलेख – कार्यालयले कर्मचारीको लागी इन्धन सुविधा वितरण आधार तयार गरी को अभिलेख अद्यावधिक गरि राख्नुपर्ने ब्यबस्था छ । कार्यालयको अभिलेख अनुसार कार्यालयमा सवारि साधन १६ रहेको देखिएको छ । कार्यालयले इन्धन सुविधा वितरण को अभिलेख अद्यावधिक नहुनुको साथै यस बर्ष इन्धन पदाधिकारी रु ७,६६,८६६.०० इन्धन(कार्यालय प्रयोजन)मा रु. ८,१०,९५५.००गरी रु १५७७८२१ खर्च भएकोमा सो को अभिलेख PAMS मा समेत राखिएको नदेखिएकोले इन्धन खर्चको आधार तय गरी सो को अभिलेख PAMS मा समेत राखिनुपर्दछ ।
- सवारी मर्मत सम्भार – कार्यालयले सवारी साधन र मेशिनरी औजारको मर्मत अभिलेख पाम्समा तयार गरेको देखिएन । पालिकाको अभिलेखमा देखिएको १६ सवारी साधन र मेशिनरी औजारको को मर्मत सम्भार रु ४२४००४०।०० देखिएको छ । सामान्यतया कुनै पदाधिकारी वा कर्मचारीले सरकारी सवारी साधन कार्यालयको काम बाहेक अन्य प्रयोजनमा प्रयोग गर्न नपाइने र सरकारी सवारी साधन प्रयोग गर्ने कर्मचारीलाई निजले प्रयोग गरेको सवारी साधनको लागि मर्मत विल बमोजिम बढीमा कार / जिप /मेशिनरी औजारको वार्षिक पचास हजार र मोटरसाईकल वा स्कूटरको लागि वार्षिक दश हजार नबढ्ने गरी उपलब्ध गराइने मर्मत खर्च भन्दा बढी रकमको सवारी साधनको मर्मत सम्भार बापतको रकम भुक्तानी गर्नु पर्ने अवस्थामा कार्यपालिकाले अनुगमन गरेको देखिएन ।
- जिन्सी निरीक्षण -आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । पालिकाले यस वर्ष जिन्सी निरीक्षण गराई प्रतिवेदन तयार गरेको छ। जिन्सी निरिक्षण पश्चात प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने आइटमका सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने नियम १०६ वमोजिम लिलाम गराई सोको कार्य गरी जिन्सी निरिक्षण प्रतिवेदनको थप एकिन कार्यान्वयन गर्नुपर्दछ ।
- उपकरण सञ्चालन र कार्यबिधि- पालिकामा रहेका एम्वुलेन्स गरी पालिकाले इन्धन, चालक पारिश्रमिक, मर्मत वापत गरेको खर्च र सञ्चालन वापतको आयको छुट्टै अभिलेख राखी लेखापरिक्षणमा पेश गरेको छैन । एकातर्फ एम्वुलेन्स सञ्चालनको पुर्ण रुपमा लगसिट नहुने अर्कोतर्फ लगानी र आय विश्लेषण समेत नहुनाले र एम्वलेन्सको आय श्रेस्ता साधन सञ्चालन अवस्था कस्तो छ एकिन गर्न सकिएन । पालिकाको एम्वुलेन्स मार्फत प्रदान गरिने सेवा वा सञ्चालनको आय र व्यय व्यवस्थित रुपमा पारदर्शी तवरले अभिलेख राख्नु पर्दछ । यस्ता उपकरण सञ्चालन गर्दा लागत लाभ विश्लेषण समेत गर्नुपर्दछ ।

९.२ सार्वजनिक सम्पत्ति, जग्गाको संरक्षण - स्थानीय सरकार सन्चालन ऐन २०७४ को दफा ९७ मा पालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी, सामुदायिक तथा सार्वजनिक सम्पत्ति, अन्य सार्बजनिक सम्पत्ति, सार्वजनिक प्रयोग स्थल, जग्गा वा अन्य संरचनाको अद्यावधिक अभिलेख राखि त्यस्ता सम्पत्तिको रेखदेख, मर्मत सम्भार तथा अन्य प्रबन्ध गर्नुपर्ने व्यवस्था छ ।पालिकाले मालपोत कार्यालयवाट जग्गा प्रशासन निर्देशिका, २०५८ को बुँदा नं. ४१४ वमोजिम सरकारी र सार्वजनिक जग्गा अनुसूची १९ र २० बमोजिमको ढाँचामा दर्ता रहेका सरकारी तथा सार्वजनिक जग्गाको अभिलेख लिई सो को आधारमा सार्वजनिक संरचना समेतको अद्यावधिक अभिलेख राखेको र त्यस्ता सम्पत्तिको अनुगमन गरेको देखिएन। जस्ले गर्दा सार्वजनिक,पर्ति जग्गाले ओगटेको क्षेत्रफल पुरै सावुद रहे, नरहेको र त्यस्ता सार्बजनिक तथा सामुदायिक सम्पत्ति बेचबिखन गर्न वा अरु कुनै व्यहोराले हक हस्तान्तरण वा लिजमा दिए, नदिएको सम्बन्धमा एकिन गर्न सकिएन।पालिकाले कानून बमोजिम मालपोत कार्यालयबाट सरकारी सार्वजनिक जग्गाको अभिलेख लिइ सो को आधारमा सरकारी/सार्वजनिक जग्गाको एकीकृत अभिलेख राखी सार्बजनिक जग्गा तथा सम्पत्तिको संरक्षण गरीनुपर्दछ ।

१० **पेश्की बाँकी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा मालसामान खरिद गर्न,सेवा उपलब्ध गराउन वा निर्माण सम्वन्धि कामका लागी व्यक्ती फर्म वा कम्पनिलाइ पेश्की दिदा प्रचलित कानुन वमोजिम वैक ग्यारेन्टी लिइ पेश्की दिनुपर्ने र कार्यलयले सम्झौताको शर्त अनुसार दिइने पेश्की र भ्रमणको निमित्त दिइने पेश्की वाहेक चालु आर्थिक बर्षको अन्तसम्ममा फस्यौट हुन

नसक्ने गरी कुनै पेश्की दिन नहुने ब्यबस्था छ। त्यस्तै नियम ५२(४) मा म्याद नाघेको पेश्कीलाई लेखापरीक्षण प्रतिवेदनमा समावेश गर्नु पर्ने व्यवस्था छ । पालिकाले यस बर्ष निम्नानुसार म्याद नाधेको र ननाघेको पेश्की आर्थिक बर्षको अन्त सम्म फछ्र्यौट हुन बाँकी रहेकोले नियमानुसार फछ्र्यौट हुनुपर्ने देखिएको रु

पेश्कीलिएको मिति	पेश्की लिनेको नाम	कार्य	म्याद नाघेको	गत विगत देखिम्याद नाघेको	कैफियत
०४/ ०१/ २०८१	धादिङ मिडिया नेटवर्क प्रा लि	सार्वजनिक सुनुवाइ कार्यक्रम		१५००००	आ व०७८।७९ देखि पे फ नभएको
०४/ ०१/ २०८१	समर्थन समाज	प्रतिष्पर्धामा छनौट भएका व्यवसाय विकास सेवा प्रदायकसंस्थाहरु मार्फत लघु उद्यम विकास मोडेलमानयाँ लघु उद्यमी सिर्जना गर्ने		८०००००	आ व०७८।७९ देखि पे फ नभएको
०४/ ०१/ २०८१	सहयात्री समाज नेपाल	महिला शिक्षा कार्यक्रम		१८००००	आ व०७८।७९ देखि पे फ नभएको
०४/ ०१/ २०८१	हाम्रो अभियान	सेवा परामर्श खर्च	१०००००		आव ०७८।७९ देखि पे फ नभएको
		जम्मा	१०००००	११३००००	

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-२** को निर्णयले रू **१,३००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२४** को निर्णयले रू **४६,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

पेश्की	१,००,०००

११ **पुँजीगत खर्चको अवस्था**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ अनुसार सार्वजनिक निकायले कुनै खरिद गर्नुपर्दा भएसम्म खुल्ला रूपमा बोलपत्र माग गरी खरिद गर्नुपर्नेमा यो वर्षपुजिगतशिर्षकबाट रु १०७५९१८३६ खर्च गरेकोमा रु ३८७४५९५२ अर्थात् ३६. प्रतिशत मात्र बोलपत्रबाट खरिद गरेको छ। कुल खरिद मध्ये सोझै रु. ३५००००० र उपभोक्ता समितिबाट रु ६५३४५८८४ को खरिद गरेको छ। सोझै, तथा उपभोक्ता समितिबाट खरिद गर्दा प्रतिस्पर्धा नहुने हुँदा सार्वजनिक खरिदलाई प्रतिस्पर्धी एवं मितव्ययी हुने गरी खरिद गर्ने व्यवस्था मिलाउनु पर्दछ।

क्र.सं.	उपशीर्षकको नाम	खर्च शीर्षक नम्बर	खरिद विधि	संख्या	खर्च रकम
	पुजिगत		खुला बोलपत्र	६	३७३२७९५४
			सिलबन्दी दरभाउपत्र	१	१४१७९९८
			सोभैm	२	३५०००००
			उपभोक्ता समिति वा लाभग्राही समुदाय	११३	६५३४५८८४
			कन्टीन्जेन्सी		३३,८२,१७६.००
					१०७५९१८३६

१२ **सम्भाव्यता अध्ययन/डी.पी.आर**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ र ९ मा प्रतिस्पर्धात्मक प्रस्ताव माग गरि परामर्श सेवा खरिद गर्नुपर्ने, यस्तो खरिदमा आवश्यकताको पहिचान समेत गर्नुपर्ने व्यवस्था छ। यसरी परामर्श सेवा खरिद गर्दा कार्यालयको जनशक्तिले सम्भव नहुने विषयमा मात्र परामर्श सेवा लिनुपर्नेमा कार्यालयले सम्भाव्यता अध्ययन, अध्ययन प्रतिवेदन लगायतमा यो वर्ष कुल रु ५८२४३५९ गरेको वाह्य परामर्शदातालाइ भुक्तानी गरेको छ। यसरी कार्य गर्दा सो को आवश्यकता, खरिदमा मितव्ययिता, विभागीय जनशक्तिको परिचालन जस्ता पक्षमा विश्लेषण गरेको छैन। यस्ता परामर्शदाता वाट सेवा खरिद गर्दा ती आयोजना एव कार्यक्रमको लागि बजेट व्यवस्था गरेर कार्यान्वयनमा जाने विषयमा ध्यान पुर्‍याएको छैन। प्रत्येक वर्ष अध्ययन गर्दै जाने, प्रतिवेदनको गुणस्तर र कार्यान्वयनको सुनिश्चितता पनि नगरिएको अवस्थामा सुधार एवं नियन्त्रण गर्न यस्ता खर्चका सम्बन्धमा ध्यान पुर्‍याउनु पर्दछ।

बजेट उपशीर्षक	यसःबर्ष खरिद		खरिद विभि		कार्यान्वयनमा गएको	
विवरण	यो वर्ष		सिधै वा आसयपत्र		यो वर्ष	
	संख्या	रकम	संख्या	रकम	संख्या	रकम
खेमेनखोला- तामाखानी पदमार्ग हेवाइल इन्जिनियरिङ कन्सल्टेन्सी	१	९८६४९०	१	९८६४९०	०	०
ग्याल्वो इन्जिनियरिङ कन्सल्टेन्सी	१	९९४९६५	१	९९४९६५	०	०
कर्मचारी आवास भवन						
थ्रिइस इन्जिनियरिङ कन्सलटेन्सी	१	९९०२१९	१	९९०२१९	०	०
सेर्तुङ रुप्चेत सडक						
इन्भिजन कन्सल्टेन्ट प्रा ली अदाखोला वेलिब्रिज डिपिआर	१	४९७२००	१	४९७२००	१	४९७२००
शर्मा इन्जिनियरिङ कन्सल्टेन्सी प्रा ली ५ वेड अस्पताल	१	१९६१६८०	१	१९६१६८०	०	
प्रोटैक जुनियर इन्जिनियरिङ सर्भिसेज प्रा ली	१	३९३८०५	१	३९३८०५	०	०
लापा लाप्चेत सडक						
		५८२४३५९		५८२४३५९	१	४९७२००

१३ **कन्टिन्जेन्सी खर्च**

निर्माण कार्यको लागत अनुमान तयार गर्दा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) सँग सम्बन्धित व्यवस्था सोही नियमावलीको अनुसूची १ मा तोकिएको छ। उक्त अनुसूचीमा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ट स्टाफ खर्च २ प्रतिशत र सानातिना अन्य खर्च २ प्रतिशत गरी ४ प्रतिशत कन्टिन्जेन्सी बापत थप गर्ने व्यवस्था रहेको छ। कार्यालयले यस वर्ष रु ४० लाख २३ हजार कन्टीन्जेन्सी खर्च गरेकोमा देहायवमोजिमको व्यवहोरा देखिन्छ।

- कन्टिन्जेन्सीबाट भएको खर्चको ठेक्का एवं योजना अनुसार नापी किताबमा उल्लेख गर्नु पर्नेमा सो वमोजिम देखिएन। योजना वा ठेक्का प्याकेज अनुसार कन्टिन्जेन्सी खर्च छुट्याई नापी किताबमा समेत प्रविष्टि गर्नुपर्छ।
- कन्टिन्जेन्सी रकमको सीमा सबै निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ट स्टाफ खर्च २ प्रतिशत र सानातिना अन्य खर्च २ प्रतिशत गरी ४ प्रतिशत कन्टिन्जेन्सी बापत थप गर्ने व्यवस्था गरेको छ। वर्क चार्ट स्टाफ खर्च र र सानातिना अन्य खर्चका प्रकृतिका आधारमा निश्चित रकमको लागत अनुमान तयार गर्दा मात्र उक्त प्रतिशत कायम गरी बढी मूल्यको लागत अनुमान तयार गर्दा यस्तो प्रतिशतमा पुनरावलोकन गर्नु पर्दछ।

१४ **डण्डीको वेस्टेज**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२५** को निर्णयले रू **२८,०५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२४** को निर्णयले रू **५०,०८५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

१५ **गाउँपालिका भवन**

१५.१ शुरु लागत अनुमान रु.७,६८,०९,३६८.०० रहेको यस गाउपालिका कार्यालय भवन निर्माण गर्न वोलपत्रवाट निर्माण ब्यबसायी ड्रागन नाना जे.भी छनौट भइ सम्झौता भएको १८ महिना भित्र कार्यसक्नेगरी २०७६ श्रावणमा २७ मा ठेक्का रकम रु ६८८९२७७६ मा सम्झौता गरेकोमा निजले म्याद थप समेत गरी ६४५८२२५६।२७ कार्य समपन्न भएको फाइल परिक्षण गर्दा देखिएका ब्यहोरा छन ।

१५.२ वढी भुक्तानी

(✂ ….. कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-२** को निर्णयले रू **१,३८८,९६८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

१५.३ प्रोभिजनलसम

(✂ ….. कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-२** को निर्णयले रू **८६,४३४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

१६ चालु खर्च अवस्था

तपसिलका चालु प्रकृतिका काम/ खर्च शिर्षकहरुमा गत आर्थिक वर्षको तुलनामा यस आर्थिक वर्षमा खर्च रकम देहाय देखिन्छ । यस्ता खर्चलाई नियन्त्रणमा राखी मितव्ययीता अपनाउनु पर्दछ ।

सि.नं.	खर्च शिर्षक	२०८०।८१को खर्च	२०८१।८२को खर्च
१	करारका कर्मचारीको खर्च	१,६३,५३,७६८.	१,५७,४०,७३६.
२	वैंठक भत्ता	१०,२२,१५०.	८२१७००
३	इन्धन	१६२८९३६	१५७७८२१
४	मसलन्द	१३,९८,५०४.	१४८८४७१
५	मर्मत	१५,००,०००.	१६७९०५६
६	दैनिक भ्रमण भत्ता	९५३२७५	२००००००
७	आर्थिक सहायता	१,००,०.००	१,२०,०००.

१७ सवारी साधन भाडा

कार्यालयले यस वर्ष सवारी साधन भाडामा रु.१२ लाख विनियोजन भएकोमा रु.१११८५०० खर्च गरेको पाइयो । सवारी धनी र पालिका विचको सवारी साधन प्रयोगको सम्झौता जिल्ला दररेटले तोकेको दररेटको आधारमा दरभाउपत्रवाट प्रतिदिनको सवारी साधन भाडा दर तय गरी प्रतिस्पर्धात्मक दर रेटमा प्रयोजन स्पष्ट खुलाई अत्यावश्यक कार्यका लागी मात्र यस्ता सवारी साधन भाडामा लिई मितव्ययी खरिद गर्नुपर्नेमा सो वेगर पटके रुपमा फरक फरक दरमा प्रयोजन नखुलाई भाडा भुक्तानी भएको छ । पालिकाले आवश्यकताको पहिचान गरी प्रतिस्पर्धाको आधारमा सवारी साधन भाडामा लिनुपर्दछ ।

१८ **बैठक भत्ता भुक्तानी**

प्रदेश सार्वजनिक खर्चको मापदण्ड २०७८ को वुदा नं ३ (ग) मा कानून वमोजिम गठित समिती वाहेक एउटै निकायको पदाधिकारी वा कर्मचारी मात्र सम्मिलित वैठकमा भत्ता लिन नपाउने व्यवस्था रहेको छ । पालिकामा करार कर्मचारी नियुक्ती गर्ने, परीक्षा संचालन गर्ने, अन्तर्वाता समिती गठन गर्ने, सामाग्री खरिद गर्ने गर्ने, कोटेशन माग गर्ने जस्ता नियमित प्रयोजनको कार्यमा वैठक वसी वैठक भत्ता भुक्तानी भएको छ । यस्तो खर्च नियन्त्रण गर्नुपर्दछ ।

गोश्वार भौचर	वैठक प्रयोजन	सहभागी संख्या	वैठक संख्या	कर कट्टी पछी भुक्तानी
२७।०८१।६।९	करार कर्मचारी नियुक्ती गर्न	८	३ देखी ८ सम्म	६७५७५
१११।०८१।११।०१	औषधि खरिदको मुल्यांकन लगायत ठेक्का प्रकृया	७	२ देखी ९ सम्म	६६३००
१९६।०८२।३।८	खरिदको मुल्यांकन लगायत ठेक्का प्रकृया	९ जना	१ देखि १४ सम्मा	६८०००
२४५।०८२।३।१७	करार कर्मचारी नियुक्ती गर्न	१० जना	२ देखी १६ सम्मा	५४४००

१९ **घर भाडा**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९४ मा काठमाण्डौं उपत्यका वाहिर वार्षिक ५ लाख रुपैँया भन्दी वढी भाडा भुक्तानी गर्नुपर्ने भएमा सुचना टास गरी प्रशताव माग गरी घर जग्गा भाडा समितिले निर्धारण गरेवमोजिम लिनु पर्ने व्यवस्था रहेको छ । गाँउपालिकाले देहायवमोजिमको घर धनी वाट प्रशासनिक तथा आवास प्रयोजनको लागी वार्षिक रु को घर भाडा लिदा कानूनको प्रावधान वमोजिम नगरी सिधै सम्झौता गरी भुक्तानी हुदै आएको छ । पालिकाले सुचना प्रकास गरी जिल्ला भाडा जग्गा भाडा समितिको निर्णयको आधारमा भाडामा लिनुपर्दछ ।

घरधनी नाम	ठेगाना	मासिक रु	वार्षिक रु
कासमान तामाङ्ग	रुवि भ्याली ३ धादिङ्ग	१८०००	२१६०००
ईता माया तामाङ्ग	रुवि भ्याली ३ धादिङ्ग	५२००	६२४००
दामिरत तामाङ्ग	रुवि भ्याली ३ धादिङ्ग	१६५००	१९८०००
थर लामा तामाङ्ग	रुवि भ्याली ३ धादिङ्ग	१००००	१२००००
रिकमान तामाङ्ग	रुवि भ्याली ३ धादिङ्ग	१००००	१२००००
ओमाया तामाङ	रुवि भ्याली ३ धादिङ्ग	११०००	१३२०००
निमा तामाङ्ग	रुवि भ्याली ३ धादिङ्ग	६६००	७९२००
कुल बहादुर तामाङ	रुवि भ्याली ३ धादिङ	२७५०	३३०००
रुकमान तामाङ	रुवि भ्याली ३ धादिङ	१००००	१२००००

२० **जात्रा तथा संघ संस्थालाई अनुदान**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । त्यस्तै उक्त ऐनले संघ सस्थालाई अनुदान उपलब्ध गराउन सक्ने व्यवस्था रहेको छैन । नमुना परीक्षणमा पालिकाले देहायवमोजिमका संस्थालाई अनुदान उपलब्ध गराएको पाइयो । पालिकाले यस्तो खर्चमा नियन्त्रण गर्दै उत्पादनमुखी कार्यमा प्रथामिकता दिनुपर्दछ ।

गोश्वरा भौचर	संघ सस्था	प्रयोजन	रु
२००।०८२।३।९	शिङ्ला बोम्बो तथा जात्रा कार्यक्रम	कार्यक्रम खर्च	१७००००
२०९।०८२।३।११	सामुदायिक लापा इसाई समाज	कार्यक्रम तथा भलिवल प्रतियोगीता संचालन खर्च	१२००००
२२३।०८२।३।१३	मिलिजुली युवा समाज	भलिवल प्रतियोगिता	१५००००
२५२।०८२।३।२१	निम्ला युवा क्लव	तमु ल्होसार कार्यक्रममा विभिन्न कार्यक्रम	५४९५६०
२५९।०८२।३।२३	रिचेन सामुदायिक होमस्टे	सामाग्री अनुदान	७९९९९५
२५७।०८२।३।२२	लिङ्जो युवा क्लव	गोरुजुधाई तथा भलिवल प्रतियोगिता कार्यक्रम संचालन	१५००००
२७६।०८२।३।२४	श्री घुमरकृषि वहुउद्देश्यिय सहकारी संस्था	तामाङ ल्होसार कार्यक्रममा खर्च भुक्तानी	१०००००

२१ **फरक शिर्षक वाट भुक्तानी**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३(७) बमोजिम कार्यपालिकाले सभावाट स्वीकृत सीमा र शीर्षक वाहिर गई खर्च गर्न नपाउने उल्लेख छ । जस अनुसार जुन प्रकृतिको खर्च हो सोही मिल्दोजुल्दो शिर्षकबाट बजेट खर्च लेख्नु पर्दछ । नमुना परीक्षण गर्दा पालिकाले निम्न खर्चमा फरक शिर्षक वाट भुक्तानी भएको नियम संगत नदेखिएको रु.

गोश्वरा भौचर	खर्च प्रकृती	खर्च लेख्नुपर्ने शिर्षक	खर्च लेखेको शिर्षक	रु
१६७।०८२।२।१२	घर भाडा	घर भाडा	घर भाडा गत वर्षको दायित्व बाट चालु आर्थिक वर्षको भुक्तानी	३८७८२
१८७।०८२।२।३१	पालिका ल्यापटप खरिद	कार्यालय सामाग्री तथा मेशिनरी खरिद	स्वास्थ्य संस्था सहायता	२४४०८०
२९५।०८२।३।२५	डिपिआर खर्च	परामर्श तथा डिपिआर खर्च	वैदेशिक अवलोकन भ्रमण र स्थानिय पाठ्यपुष्तक निर्माण	५४००००
				८,२२,८६२

अनियमित भएको	८,२२,८६२

२२ **मर्मत सम्भार कोष**

स्थानिय सरकार संचालन ऐन २०७४ को दफा दफा ११(७) मा स्थानिय स्थानिय तहले आफ्नो काम, कर्तव्य र अधिकारको प्रयोग गर्दा आवश्यकता अनुसार कानून, नीति मापदण्ड तथा कार्यविधि निर्माण गरी लागु गर्न सक्ने व्यवस्था रहेको छ । पालिकाले मर्मत सम्भार कोष संचालन तथा व्यवस्थापन सम्वन्धी कुनै कार्यविधि तथा मापदण्ड नवनाई गाउसभाको निर्णयकोको आधारमा यस कोष वाट रु १२१३२३३३।६४ खर्च गरेको पाइयो । पालिकाले आफ्नो अधिकार क्षेत्र भित्रको कार्य गर्दा कानून तथा मापदण्ड वनाई गर्नुपर्दछ ।

२३ **शिक्षक दरवन्दी र पदपूर्ति**

शिक्षा नियमावली, २०५९ को नियम ९२ मा मन्त्रालयबाट स्वीकृत दरबन्दीको आधारमा सामुदायिक विद्यालयमा रहने शिक्षक दरवन्दी अनुसूची - १२ मा उल्लेख भए बमोजिम हुने र विशेष शिक्षा दिने सामुदायिक विद्यालयको शिक्षक दरबन्दी मन्त्रालयले तोके बमोजिम हुने उल्लेख छ । त्यस्तै शिक्षक सेवा आयोग नियमावली, २०५७ को नियम ८ मा प्रत्येक जिल्ला शिक्षा समन्वय कार्यालयले जिल्ला भित्रका सामुदायिक विद्यालयमा रहेका स्वीकृत रिक्त दरवन्दीको विबरण प्रत्येक ६ महिनामा शिक्षा बिकास तथा मानव श्रोत केन्द्रमा पठाउनुपर्ने र शिक्षा बिकास तथा मानव श्रोत केन्द्रले पनि पदपुर्तिको लागी २ महिना भित्र आयोगमा लेखि पठाउनु पर्ने उल्लेख छ । पालिकाले पेश गरेको विबरण अनुसार आधारभुत र माध्यमिक गरी ४७ स्वीकृत शिक्षक दरवन्दी रहेकोमा ३९ जना पदपुर्ति भई ८ दरवन्दी रिक्त रहेको छ। पदपुर्तिको लागी दरवन्दीको विबरण पठाएको नदेखिएकोले शिक्षक सेवा आयोग नियमावली वमोजिम रिक्त पद पदपुर्ति गरिनुपर्दछ ।

सं.	विद्यालयको संख्या	स्विकृत दरवन्दी आधारभुत तह १ देखि ५	स्विकृत दरवन्दी आधारभुत तह ५ देखि ८	स्विकृत दरवन्दी माध्यामिकतह ९ देखि १०	स्विकृत दरवन्दी माध्यामिकतह ११देखि १२	जम्मा स्विकृत दरवन्दी	स्थायी पदपूर्ति	शिक्षण अनुदान कोटा राहतमा कार्यरत	संघिय शसर्त अनुदान र अन्य प्रकृतिका शिक्षण अनुदान	पालिका अनुदान	जम्मा करारमा कार्यरत
१	२१	३९	४	२	२	४७	३९	२६	१०	४४	८४

२४ **विद्यालय समायोजन तथा शिक्षक विद्यार्थी अनुपात**

शिक्षा नियमावली २०५९ को नियम ४ अनुसुची ३ (ठ) मा सामुदायिक विद्यालयमा प्रत्येक कक्षामा सामान्यतया उपत्यका तथा तराइ क्षेत्रमा ५०, पहाडी क्षेत्रमा ४५ र हिमाली क्षेत्रमा ४० विद्यार्थी हुनुपर्नेउल्लेख छ। नियमावलीमा भएको उल्लेखित ब्यबस्थाले यस हिमाली भेगमा सामुदायिक विद्यालयका प्रतिकक्षा सामान्यतया औषतमा ४० विद्यार्थी गणना गर्दा प्रति आधारभुत विद्यालय (कक्षा १-५) भएको विद्यालयमा २०० जना, (कक्षा ६-८) सम्म भएको विद्यालयमा ३२० जना, माध्यामिक (कक्षा ९-१०) मा ४०० जना प्रति विद्यार्थी हुनुपर्ने देखिएको छ । त्यस्तै शिक्षा नियमावली, २०५९ को नियम ७७ मा सामुदायिक विद्यालयमा शिक्षक/विद्यार्थी अनुपात हिमालमा ४०, पहाडमा ४५ र उपत्यका तथा तराईमा ५० हुनुपर्ने उल्लेख छ। पालिकावाट प्राप्त विवरण अनुसार सामुदायिक विद्यालयको विद्यालय - विद्यार्थी संख्या र शिक्षक/विद्यार्थी अनुपात देहाय वमोजिम देखिएको छ ।

क्र.सं.	विद्यालयको नाम	विद्यालयको तह	नियमावली वमोजिम प्रति विद्यालयमा हुनुपर्ने विद्यार्थि संख्या	विद्यालयको विद्यार्थी संख्या	विद्यार्थी प्रतिशत	कुल शिक्षकसंख्या	शिक्षक विद्यार्थी अनुपात
१	गणेश हिमाल आ वि	(१-५)	२००	२०	१०	४	१:५
२	लासाङ्गकर्पो आ वि	(१-५)	२००	५०	२५	५	१:१०
३	दोङदेन देवी मा वि	(१-१०)	४००	१४९	३७.२५	१२	१:१२
४	गोठेन देवी आ वि	(१-५)	२००	७८	३९	५	१:१६
५	खार्सागाउँ आ वि	(१-३)	१२०	७८	६५	३	१:२६
६	च्याम्रा देवी मा	(१-१०)	४००	२३८	५९.५	१६	१:१५
७	कन्या देवी आ वि	(१-५)	२००	४४	२२	४	१:११
८	डुवाङ आ वि	(१-५)	२००	४५	२२.५	४	१:११
९	मुक्राप देवी आ वि	(१-१२)	४८०	३२०	६६.६६	१६	१:२०
१०	हिन्दुङ आ वि	(१-५)	२००	३७	१८.५	४	१:९
११	नेबेर आ वि	(१-५)	२००	५१	२५.५	४	१:१३
१२	पञ्चकन्या आ वि	(१-३)	१२०	११	९.१६	२	१:५
१३	तिम्ला आ वि	(१-८)	३२०	५९	१८.४३	८	१:७
१४	सातकन्या आ वि	(१-५)	२००	७५	३७.५	५	१:१५
१५	रुप्टुङ आ वि	(१-५)	२००	१३५	६७.५	४	१:३३
१६	लापा मा वि	(१-१२)	४८०	५१२	१०६.६६	१४	१:३६
१७	हिमालय सरस्वती आ वि	(१-८)	३२०	११७	३६.५६	९	१:१३
१८	कञ्चन आ वि	(१-३)	१२०	१२	१०	२	१:६
१९	तेङचेत आ वि	(१-५)	२००	३५	१७.५	४	१:९
२०	सङर्ष आ वि	(१-२)	८०	११	१३.७५	२	१:५
२१	सोमतेलिङ आ वि	(१-५)	२००	१२	६	१	१:६
२२				२०९२	१०	१२८	
	जम्मा						

- विवरणअनुसार सवै समुदायिक विद्यालयमा तोकिएभन्दा विद्यार्थी संख्यामा शत प्रतिशत हुनुपर्नेमा न्युनतम ६ प्रतिशत क्षमतामा सञ्चालन भएको समेत देखिएकोले कुनै विद्यालयमा पनि नियमावलिले तोके वमोजिम विद्यार्थी देखिएन । भौगोलिक अवस्था, जनसंख्या तथा विद्यार्थी संख्याको आधारमा अध्ययन गरी आवश्यकता अनुसार विद्यालय गाभ्ने, खारेज गर्ने नयाँ थप गरी बिद्यालय समायोजन गर्नुपर्नेमा हालसम्म व्यवस्थापन गर्न सकेको देखिएन । सामुदायिक विद्यालय समायोजन गरेको नदेखिएकोले निर्धारित मापदण्ड वमोजिम विद्यालय समायोजन गरी गुणस्तरीय शिक्षाको ब्यबस्थापन गरिनु पर्दछ ।
- नियमावली अनुसार समुदायिक विद्यालयमा औषतमा शिक्षक-विद्यार्थी अनुपात ४५ हुनुपर्नेमा विवरण अनुसार न्युनतम ५ भएको देखिएकोले कुनै विद्यालयमा पनि नियमावलोले तोके वमोजिम शिक्षक/विद्यार्थी देखिएन । सार्वजनिक खर्चमा मितब्यीता कायम गर्न भौगोलिक अवस्था, जनसंख्या तथा विद्यार्थी संख्याको आधारमा अध्ययन गरी आवश्यकता अनुसार शिक्षक दरवन्दी मिलान गर्ने,अनावश्यक दरवन्दी खारेज गर्ने गरी शिक्षक दरवन्दीको ब्यबस्थापन गरिनुपर्नेमा पालिकामा शिक्षक दरवन्दी मिलान भएको देखिएन । शिक्षा नियमावलीको ब्यबस्था वमोजिम शिक्षक-विद्यार्थी अनुपात कायम हुनेगरी शिक्षक व्यवस्थापन गर्नुपर्दछ।

२५ **प्रति विद्यार्थी लागत**

गाउँपालिकाले सामाजिक सेवा तर्फ गरेका अल्पकालिन लगानी, दिर्घकालिन लगानीलाई लागत लाभ मापन हुने गरी लगानीको सुनिश्चितता गर्नु पर्दछ । तिनै तहका सरकारवाट विद्यालयको संचालन व्यवस्थापनका लागी गाउँपालिकाबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०८१।८२ मा गएको निकासा तथा विद्यार्थी अनुपातमा निकालेको प्रति विद्यार्थी लागत देहाय बमोजिम रहेको छ ।

बजेट विवरण	खर्च रकम	विद्यार्थी संख्या	प्रति विद्यार्थी लागत
संघीय सरकार सशर्त	३,८२,२८,०००	२०९२	२५५०८
प्रदेश सरकार	११,३६,०००		
पालिका	१,४०,००,०००		

उपरोक्त विवरण अनुसार पालिकाको सामुदायिक विद्यालयको वाल विकास देखि कक्षा १२ सम्म प्रति विद्यार्थी लागत रू २५५०८ रहेको देखिन्छ । विद्यार्थीमा भएको लगानीको प्रतिफल क्लास आउट भएपछि मात्र देखिने हुँदा लगानीका आधारमा विद्यार्थी उतिर्ण हुने गरी गुणस्तरीय शिक्षाका लागि शिक्षण विधि प्रक्रियालाई परीमार्जन गरी उत्कृष्ट नतिजा ल्याउने गरी पठनपाठनलाई व्यवस्थित, व्यवहारिक, सिपयूक्त बनाउने तर्फ लगानीलाई केन्द्रित गर्नुपर्दछ ।

२६ **विद्यालयलाई प्रति विद्यार्थी अनुदान**

शिक्षा तथा मानवश्रोत विकास केन्द्रले प्रकासन गरेको कार्यक्रम कार्यान्वियव पुष्तिका २०८१।०८२ मा IEMIS मा प्रविष्ट भएको संख्यालाई (सत्यापन) गराई विद्यार्थी संख्या एकिन गरेर मात्र विद्यालयलाई प्रति विद्यार्थी अनुदान निकाशा गर्नुपर्ने व्यवस्था छ । पालिकाले IEMIS मा प्रविष्ट भएको तथ्याङ्कको आधारमा विद्यालयलाई देहायवमोजिमको कार्यक्रममा निकाशा दिएको छ ।पालिकाले IEMIS को तथ्याङ्कको आधारमा विद्यार्थी संख्या एकिन नगरी निकासा दिएकोमा शिक्षा समिति गठन गरी अनुगमन गरेको पाईएन । पालिकाले सत्यापन पश्चात निकाशा दिने र सोको अनुगमन गर्नुपर्दछ ।

क्र. स	कार्यक्रम	सुत्र प्रणाली अनुसार निकाशा रु
१	छात्रवृत्ती	१८३२००
२	निशुल्क पाठ्यपुष्तक	१०७२०१८
३	प्रति विद्यार्थी लागतमा आधारित अनुदान	३७०९५०
४	निरन्तर विद्यार्थी मुल्यांकन	४६९९७०

२७ **गाँउपालिका अनुदान वाट शिक्षकको तलव भत्ता**

विद्यालय अनुदान व्यवस्थापन निर्देशिका २०७४ को वुदा नं ४.१ मा स्विकृत दरबन्दीमा कार्यरत शिक्षकहरु, राहत अनुदानमा कार्यारत सवै शिक्षकहरु, प्रारम्भिक वाल विकासका शिक्षकहरु, विद्यालयमा कार्यरत कर्मचारीको तलव भत्ता सवै शशर्त अनुदानको रुपमा उपलब्ध हुने व्यवस्था रहेको छ ।पालिकाले निम्न विद्यालयमा शिक्षक विद्यार्थी अनुपात भन्दा कम भएको अवस्थामा समेत पालिका स्रोत वाट तलव भुक्तानी गरी थप व्ययभार पारेकोले नियम सम्मत देखिदैन । पालिकाले विद्यालय समायोजन गरी शिक्षक विद्यार्थी अनुपात मिल्ने गरी शिक्षक ब्यबस्थापन गर्नुपर्दछ ।

क स	विद्यालयको नाम र तह	शिक्षक संख्या	बर्षिक अनुदान रकम	कैफियत
१	गणेश हिमाल आ वि	२	३६७०००	
२	लासाङ्कर्पो आ वि	३	५५०५००	
३	दोङदेन देवी मा वि	१	३८४०००	
४	गोठेन देवी आ वि	२	३६७०००	
५	खार्सागाउँ आ वि	१	१८३५००	
६	च्याम्रा देवी मा	४	९०६५००	
७	कन्या देवी आ वि	२	३६७०००	
८	डुवाङ आ वि	२	३६७०००	
९	मुक्राप देवी आ वि	२	१८३५००	नि मा शि दरबन्दी रिक्त रहेको
१०	हिन्दुङ आ वि	२	३६७०००	
११	नेबेर आ वि	२	३६७०००	
१२	पञ्चकन्या आ वि	१	१८३५००	
१३	तिम्ला आ वि	४	८४९०००	
१४	सातकन्या आ वि	२	३६७०००	
१५	रुप्टुङ आ वि	२	३६७०००	
१६	लापा मा वि	४	८४९०००	
१७	हिमालय सरस्वती आ वि	४	९०६५००	
१८	कञ्चन आ वि	१	१८३५००	
१९	तेङचेत आ वि	१	१८३५००	
२०	सङर्ष आ वि	१	१८३५००	

२१	सोमतेलिङ आ वि	१	१८३५००	
	जम्मा	४४	८६,६६,०००	

२८ **दिवा खाजा**

कार्यक्रम कार्यान्वयन पुस्तिका, ०८१।८२ को ७.१ मा दिवा खाजा कार्यक्रम लागु भएका विद्यालयहरुमा कक्षा ५ सम्मका विद्यार्थीहरुलाई प्रति विद्यार्थी दैनिक रु.१५ का दरले बढिमा १८० दिनको लागि विद्यार्थीको दैनिक हाजिरीको प्रमाणित प्रतिलिपीको आधारमा खातामा निकासा दिनुपर्ने व्यवस्था छ । साथै दोश्रो र तेस्रो चौमासिक निकासा दिंदा पहिलो चौमासिकमा निकासा दिएको रकमको सदुपयोगको स्थिती समेत हेरेर एवं खाजाको मापदण्ड, गुणस्तर र व्यवस्थापनका नमूनाको समेत आधारमा निकासा दिनुपर्ने उल्लेख छ । पालिकाले यस वर्ष दिवा खाजाको लागी विभिन्न २१ विद्यालयलाई रु ३०३९७३७ निकाशा दिएकोमा दैनिक हाजिरी प्रमाणित गरी पेश गरेको छैन । पालिकाले EMIS मा भएको विद्यार्थी संख्याको आधारमा एक चौमासिकमा ४५ दिनको दरले वार्षिक १८० दिनको निकाशा दिएको छ । पालिकाले विद्यार्थीको दैनिक हाजिरी विवरण पेश गर्न लगाई सोही वमोजिम एकिन गरी दिवा खाजा निकाशा दिनुपर्दछ ।

२९ **निशुल्क सेनिटरी प्याड**

कार्यक्रम कार्यान्वयन पुस्तिका, २०८१।८२ मा स्थानीय तहले सामुदायिक विद्यालयको कक्षा ६-१२ सम्म अध्ययनरत सबै छात्राहरूलाई १० महिनाको लागि निःशुल्क सेनिटरी प्याड खरिद गर्दा गत विगतको मौज्दातको अवस्था एकिन गरी आवश्यक मात्र नियमानुसार खरिद गरी वितरण गर्ने र सेनिटरी प्याड खरिद गरी रकम बचत भएमा विद्यालयमा Disposal Machine नभएमा एक पटकका लागि मात्र खरिद गरी वितरण गर्न सक्ने उल्लेख छ । पालिकाले गोश्वार भौचर नं ७५।०८२।२।२८ मा ५९७६ प्याकेट प्याड रु ४१४२२१ (भ्याट सहित) मा खरिद गरेकोमा लेखापरीक्षण अवधी कार्तीक सम्म ३८६२ प्याड मात्र विद्यालयमा हस्तान्तरण गरी रु. १४६५३० मुल्य बराबरको २११४ प्याड मौज्दात रहेकोमा विद्यालयलाइ वितरण गरेको भर्पाइ विद्यालयबाट हुने सेनिटरी प्याडको वितरणको अनुगमन गरेको पाइएन। पालिकाले विद्यालयबाट हुने सेनिटरी प्याडको वितरण र प्रयोगको अवस्थाको अनुगमन गरी प्रतिवेदन तयार गर्नुपर्दछ । तथा मौज्दात रहेको प्याड वितरण तथा हस्तान्तरणको प्रमाण पेश गर्नुपर्दछ ।

३० **औषधि खरिद**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५ को उपनियम १ (क) अनुसार २५ लाख रुपैया सम्मको औषधिजन्य खरिद उत्पादकले राष्ट्रिय स्तरको पत्रिकामा सूचना प्रकाशित गरी तोकिएको विक्री मुल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । पालिकाले निम्नानुसारको स्वास्थ्य शाखावाट औषधि खरिद गर्दा पटके कोटेशनवाट सोझै खरिद गरेको देखिएकाले खरिद कार्य प्रतिस्पर्धी एवं विश्वासनीय देखिएन । यसमा सुधार हुनुपर्दछ ।

गो भौ नं	फर्मको नाम		खरिद रकम
१०/ २८/ २०८१।३२	रुप्सा मेडिसेल्स प्रा ली	आधारभूततथा आकस्मिक स्वास्थ्य सेवाको लागि औषधि खरिद	१२,४९,०००.००
१०/ २८/ २०८१।९९	रुप्सा मेडिसेल्स प्रा ली	औषधीखरिद	४,०९,९५५.००
१०/ ३०/ २०८१।१०८	bholenath Medihealth Private Limited	औषधीखरिद	७,३५,९५८.००
०३/ २४/ २०८२। २७७	रुप्सा मेडिसेल्स प्रा ली	औषधीखरिद	८,६८,८७३.००
०३/ २४/ २०८२। २७८	युदिप मेडिको सप्लायर्स	औषधीखरिद	६,४०,१५०.००
०३/ २४/ २०८२। २७९	Bhivanta Medicine Suppliers	औषधीखरिद	२८२०६४

औषधि खरिदमा देखिएका थप व्यहोरा निम्नानुसार छन् ।

- आपूर्ति भएका औषधिहरु डब्ल्यू एच ओ, जि एम पि प्रमाणित हुनुपर्नेमा सो को अवस्था एकिन हुन नसकेको, उत्पादन स्थिति व्याच नं, औषधि विक्रिको लागी होईन निशुल्क वितरणको लागी जस्ता व्यहोरा प्याकेजिङ्गमा नखुलाएको, औषधि तथा सर्जिकल सामान स्टोर दाखिला पूर्व स्पेशिफीकेसन अनुसार परीक्षण हुने नगरेको अवस्था छ । औषधीको inspection पश्चात् मात्र भुक्तानी हुनुपर्दछ ।
- औषधिको खर्च घटाउदा माग फारामको आधारमा घटाउनु पर्नेमा एकमुष्ट घटाउने गरेको देखिएकोले औषधि खरिद, आपूर्ति, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकिएको गुणस्तर अनुसारकै औषधि प्राप्त भए नभएको यकिन गरी मागको आधारमा स्वास्थ्य चौकिहरुमा हस्तान्तरण गरेको प्रमाणको आधारमा खर्च घटाउनु पर्दछ ।
- औषधी खरीद आपूर्ति जिन्सि दाखिला खर्च अभिलेख अद्यावधिक गरी वफर स्टक समेतलाई मध्यनजर गरी औषधिको वितरण समेत खुल्ने गरी अभिलेख राख्ने वर्षान्तमा मौज्दात् वाँकि औषधिको जिम्मेवारी भौतिक परीक्षण समेत गरी जिन्सि अभिलेख अद्यावधिक गर्नुपर्दछ ।

३१ **निशुल्क उपचार**

स्थानिय सरकार संचालन ऐन २०७४ को दफा दफा ११(७) मा स्थानिय स्थानिय तहले आफ्नो काम, कर्तव्य र अधिकारको प्रयोग गर्दा आवश्यकता अनुसार कानून, नीति मापदण्ड तथा कार्यविधि निर्माण गरी लागु गर्न सक्ने व्यवस्था रहेको छ । पालिकाले नागरिकलाई निशुल्क उपचार उपलब्ध गराउनको लागी धादिङ्ग अस्पताल संग सम्झौता गरी सामान्य तथा आकस्मिक विरामीलाई १२ हजार सम्म र अपरेशन / ICU तथा अन्य जटिल बिरामी लाई अधिकतम ३० हजार सम्म र प्रेषण गर्नुपर्ने भएमा एम्बुलेन्स शुल्क जिल्ला एम्बुलेन्स समितिले तोकेबमोजिम पालिकाले उपलब्ध गराउने गरी सम्झौता भएकोमा पालिकाले यस सम्वन्धि कार्यविधि तथा मापदण्ड वनाएको छैन । कानून, मापदण्ड तथा कार्यविधि तयार नगरी कार्यक्रम संचालन गर्दा कार्यक्रममा एकरुपता र दिगोपना रहन सक्दै न । पालिकाको आन्तरिक आय रु ८११८१३२ रहेकोमा आर्थिक वर्ष २०८१।०८२ मा देहायवमोजिम रु ४७,३५,२६१ खर्च भएको छ । पालिकाले दिगो आन्तरिक श्रोतको सुनिश्चित गरी महत्वकाक्षीं योजना लागु गर्नुपर्दछ ।

गोश्वरा भौचर	निकाशा रकम रु
७६।०८१।९।९	१९६२७०२
९६।०८१।१०।२५	७२०८३६
१५२।०८२।१।२३	८२४२६१
१९८।०८२।३।९	९६३५२८
२८१।०८२।३।२४	२६३९३४
जम्मा रु	४७,३५,२६१

३२ आर्थिक सहायता

स्थानिय सरकार संचालन ऐन २०७४ को दफा दफा ११(७) मा स्थानिय स्थानिय तहले आफ्नो काम, कर्तव्य र अधिकारको प्रयोग गर्दा आवश्यकता अनुसार कानून, नीति मापदण्ड तथा कार्यविधि निर्माण गरी लागु गर्न सक्ने व्यवस्था रहेको छ । पालिकाले आर्थिक सहायता सम्वन्धी कार्यविधि निर्माण तथा तर्जुमा नगरी कार्यपालिको निर्णय वाट देहायवमोजिमको आर्थिक सहायता उपलब्ध गराएको छ । पालिकाले आर्थिक सहायता वितरण सम्वन्धी कार्यविधि निर्माण गरी सोही वमोजिम सहायता उपलब्ध गराउनुपर्दछ ।

गोश्वरा भौचर	नाम	आर्थिक सहायता उपलब्ध गराउने कारण	रु
४२।०८१।१।१८	देमानी बि क	दिर्घकालिन रोगी भएको कारण औषधि खर्च सहायता	१००००
	धनमाया तामाङ	दिर्घकालिन रोगी भएको कारण औषधि खर्च सहायता	१००००
	मानमाया कामी	दिर्घकालिन रोगी भएको कारण औषधि खर्च सहायता	१००००
२००।०८२।३।९	सितामाया तामाङ्ग	क्यान्सर रोग लागेको	१०००००

३३ आन्तरिक आय संकलन तथा दाखिला

३३.१ आन्तरिक आम्दानी : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आन्तरिक आयको अन्य श्रोतको खोजी गरी आन्तरिक आय वृद्धी गर्नुपर्दछ । पालिकाको २ आर्थिक वर्षको आन्तरिक आय देहायवमोजिम रहेको छ ।

सि.नं.	राजश्वको नाम	२०८०।८१ को असूली	२०८१।८२ को असूली
१	आन्तरिक राजस्व	२९३५४११०	५१७३३७०।५

३३.२ सामुदायिक वनको आय-स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२ (ख) बमोजिम सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार विक्री तथा उपयोग सम्बन्धमा वार्षिक कार्ययोजना बनाई पालिकाबाट स्वीकृत गराउनु पर्ने र वार्षिक कार्ययोजना बमोजिमको वन पैदावारको विक्री वापतको प्राप्त हुने रकमको दश प्रतिशत सम्बन्धित गाउँपालिकाको संचित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ । सो अनुसार रकम दाखिला गरेको देखिएन।

३३.३ मेशिनरी भाडा : पालिकाले आफ्नो मेशिनरी भाडा सम्झौतामा भएको व्यवस्था अनुसार असुल गर्नुपर्दछ । देहाय निर्माण व्यवसायिले कार्यालयको मेशिन प्रयोग गरेकोमा सम्झौता अनुसारको भाडा दिएको नदेखिएकोले सम्वन्धित वाट असुल गर्नुपर्ने रु

ठेक्काको विबरण	ठेकेदारकोनाम	सम्झौतामिति	ठेक्काअवधि	ठेक्कारकम	असुलीरकम	असुल हुन बाँकी	वैक जमानत सम्पन्न हुने मिति र रकम
मेसिन भाडा	श्री देउपुर/के एण्ड एल जे भि	२०८१।८।१२ र २०८१।२।२० गरी दुइ पटक	२०८०-८१-८२	०	०	४३४०००/-	उ स निर्माण

असुल गर्नुपर्ने	४,३४,०००

३४ **सामाजिक सुरक्षा**

सामाजिक सुरक्षा ऐन २०७५बमोजिम जेष्ठ नागरिक ,आर्थिक रुपले बिपन्न ,अशक्त तथा असहाय अबस्थामा रहेका ब्यक्ती , असहाय एकल महिला ,अपाङ्गता भएका ,बालबालिका ,आफ्नो हेरचाहा आफै गर्न नसक्ने लोपोन्मुख जातीलाइ सामाजिक सुरक्षा भता पाउने अधिकार हुने ब्यबस्था अन्तर्गत यस पालिकाले सामाजिक सुरक्षा भत्ता बितरण कार्यविधि २०७७ वमोजिम सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीको नाम दर्ता र नवीकरण ,लगतकट्टा तोकिएको मिति भित्रै परिचय पत्र अनिवार्य रुपमा नवीकरण गरि प्रथम ,द्बितिय ,तृतिय चौथो किस्ता गरि जम्मा रु ७४०२७८३८ बैकिङ प्रणाली मार्फत वितरण गरेको देखिएको छ ।यस सम्बन्धमा देखिएको व्यहोरा निम्न छ ।

लाभग्राही समूह	लाभग्राही सङ्ख्या	वितरण रकम
अन्य जेष्ठ नागरिक भत्ता	५४३०	६४७१९७११
जेष्ठ नागरिक भत्ता दलित	७६	६०११६०
जेष्ठ नागरिक एकल महिला	१७९	१४२१३२७
विधवा	४४७	३५२९८२०
पूर्ण अपाङ्गता भत्ता	१४०	१६४७८७०
अति अशक्त अपाङ्गता भत्ता	२६२	१६५३४५६
दलित बालबालिका	३०३	४५४४९४
जम्मा	**६८३७**	**७४०२७८३८**

अनुगमन तथा निरीक्षण : सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा २७ बमोजिममन्त्रालय, बिभाग, प्रदेश मन्त्रालय तथा पालिकाका प्रमुख वा प्रमुख प्रशासकीय अधिकृतले भत्ता वितरण कार्य प्रकृयाको सुचक समेत वनाई निरीक्षण तथा अनुगमन गर्नुपर्ने ब्यबस्था छ।सो बमोजिम पालिकाले कसैले दोहोरो हुनेगरी र सरकारी सुविधा लिने ब्यक्तिले सामाजिक सुरक्षा भत्ता लिए नलिएको र मृतु भएका व्यक्तिको विवरण सम्वन्धमा अनुगमन गरी प्रतिबेदन गर्नुपर्दछ।

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : रुवी भ्याली गाउँपालिका, धादिङ , रुवी भ्याली गाउँपालिका , धादिङ

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	राजाराम खतिवडा	२०८०-५-२०	२०८१-५-१३
कार्यालय प्रमुख	नविन कुमार गोले	२०८१-५-२३	२०८२-०९-१३
लेखा प्रमुख	बिनोद के सी	२०८१-२-२९	हाल सम्म कार्यरत

बेरुजु वर्गीकरण:

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
३,६८५,६७३	८२२,८६२	८६,४३४	०	०	१,४४६,०००
				प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.	६,०४०,९६९
				प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.	४,६८४,१०७
				संपरीक्षणबाट थप भएको बेरुजू रु.	०
				लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.	१,३५६,८६२

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		६०३०९३७१.१२	
आम्दानी		खर्च	
संघीय सरकारबाट अनुदान	१७८९४००२०	चालु खर्च	२०९०८७०७७
प्रदेश सरकारबाट अनुदान	५८९६५०००	पूँजीगत खर्च	१०७५९१८३६
राजश्व बाँडफाँट	९१९८७७५६.६७	वित्तीय/अन्य व्यवस्था	११७७९४९०४.६५
आन्तरिक आय	८८१८१३२.८२		
अन्य आय	९६५३०८५३.२९		
कुल आय	४३५२४१७६२.७८	कुल खर्च	४३४४७३८१७.६५
बाँकी मौज्दात		६१०७७३१६.२५	

अनुसूची - २

बेरूजु दफा २.१ सँग सम्बन्धित विवरण - अनुसूची - ३

प्राप्ति भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय)								
क.स./ आर्थिक सङ्केत	विवरण	टिप्पणी नं	चालु आ.व.को कारोबार			गतआ.व. को कारोबार		
			नगद	तेस्रोपक्ष भुक्तानी (सोझै भुक्तानी)	जम्मा	नगद	तेस्रोपक्ष भुक्तानी (सोझै भुक्तानी)	जम्मा
	राजस्व, अनुदान र अन्य प्राप्ति							
११०००	कर		९,२०,९७,२०९.८४	०	९,२०,९७,२०९.८४	७,५७,६९,७८२.९६	०	७,५७,६९,७८२.९६
१३०००	अनुदान		२१,०७,९६,५७५.००	०	२१,०७,९६,५७५.००	१८,८१,०१,०२३.००	०	१८,८१,०१,०२३.००
१४०००	अन्यराजस्व		५०,४३,६९०.६५	०	५०,४३,६९०.६५	१६,५१,०४७.६१	०	१६,५१,०४७.६१
१५०००	विविधप्राप्ति		३६,६४,९८९.००	०	३६,६४,९८९.००	१४,०९०.००	०	१४,०९०.००
क	कुलजम्मा प्राप्ति		३१,१६,०२,४६४.४९		३१,१६,०२,४६४.४९	२६,५५,३५,९४३.५७		२६,५५,३५,९४३.५७
३	चालु		२०,९०,८७,०७७.००	०	२०,९०,८७,०७७.००	१६,०३,४४,९९४.००	०	१६,०३,४४,९९४.००
२१०००	पारिश्रमिक / सुविधा		४,४६,२२,६५४.००	०	४,४६,२२,६५४.००	७,७३,२६,२४४.००	०	७,७३,२६,२४४.००
२२०००	मालसामानतथा सेवाको उपयोग		६,६२,१५,२२९.००	०	६,६२,१५,२२९.००	४,९४,५६,०८७.००	०	४,९४,५६,०८७.००
२५०००	सहायता (Subsidy)		७,६५,०४,५२६.००	०	७,६५,०४,५२६.००	१,६५,७०,८४८.००	०	१,६५,७०,८४८.००
२६०००	अनुदान		६१,०९,३८६.००	०	६१,०९,३८६.००	१,००,०००.००	०	१,००,०००.००
२७०००	सामाजिकसुरक्षा		१,२३,६४,१६४.००	०	१,२३,६४,१६४.००	१,४८,७५,१६२.००	०	१,४८,७५,१६२.००
२८०००	अन्यखर्च		३२,७१,११८.००	०	३२,७१,११८.००	२०,१६,६५३.००	०	२०,१६,६५३.००
४	पूंजीगत		१०,७५,९१,८३६.००	०	१०,७५,९१,८३६.००	८,१२,१३,१७८.००	०	८,१२,१३,१७८.००
३१११०	भवनतथा संरचना		१,२९,१०,२७२.००	०	१,२९,१०,२७२.००	३३,७२,६२०.००	०	३३,७२,६२०.००
३११२०	सवारीसाधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स		३०,२७,३४७.००	०	३०,२७,३४७.००	१,३१,१४,६९२.००	०	१,३१,१४,६९२.००
३११३०	अन्यपूँजीगत खर्च		३७,८८,१०७.००	०	३७,८८,१०७.००	५१,५८,५४०.००	०	५१,५८,५४०.००
३११४०	सुरक्षाउपकरण		२,३५,४४३.००	०	२,३५,४४३.००	०	०	०
३११५०	सार्वजनिकनिर्माण		८,३३,४६,७२०.००	०	८,३३,४६,७२०.००	५,८०,७२,२२६.००	०	५,८०,७२,२२६.००
३११६०	निर्मितसरचनाकोसुधार खर्च		१३,९०,२६३.००	०	१३,९०,२६३.००	०	०	०
३११७०	पूँजीगतसुधार खर्च		२४,३३,९८४.००	०	२४,३३,९८४.००	१४,९५,१००.००	०	१४,९५,१००.००
३१४१०	जग्गाप्राप्तिखर्च		४,५९,७००.००	०	४,५९,७००.००	०	०	०
ख)	कुलजम्मा भुक्तानी		३१,६६,७८,९१३.००		३१,६६,७८,९१३.००	२४,१५,५८,१७२.००		२४,१५,५८,१७२.००

ग)	बचत/कमी (ग = क-ख)		(५०,७६,४४८.५१)		(५०,७६,४४८.५१)	२,३९,७७,७७१.५७		२,३९,७७,७७१.५७
घ)	धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/ घट (+/ -)		५३,७६,६५५.६५		५३,७६,६५५.६५	४७,१७,०७०.३२		४७,१७,०७०.३२
घ.१)	कट्टीरकम भुक्तानी/ दाखिला गर्न बाकी					(१,६४,१५१.००)		(१,६४,१५१.००)
ङ)	यसआ.ब.को नगद तथा बैंक मौज्दात (बचत / (कमी)) (ङ = ग+घ)		३,००,२०७.१४		३,००,२०७.१४	२,८६,९४,८४१.८९		२,८६,९४,८४१.८९
च)	गतआ.व.को नगद तथा बैंक मौज्दात		६,०७,७७,१०९.११		६,०७,७७,१०९.११	३,२०,८२,२६७.२२		३,२०,८२,२६७.२२
छ)	विनिमयनाफा/ घाटा तथा अन्य समायोजन							
ज)	आ.व.अन्तको बाँकी नगद तथा बैंक मौज्दात (ज= ङ+च+छ)		६,१०,७७,३१६.२५		६,१०,७७,३१६.२५	६,०७,७७,१०९.११		६,०७,७७,१०९.११

सुझाव

स्थानीय तहहरूद्धारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।

- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- पालिकामा सञ्चालित आधारभूत अस्पतालको कारोबारको लेखाङ्कन तथा प्रतिवेदन सुत्र प्रणाली बमोजिम गरी पालिकाको वित्तीय विवरणमा खुलासा गर्नुपर्दछ।